# नेपाल सरकार वादी मुद्दामा मुद्दा दोहोर्‍याई पाउने कारवाही सम्बन्धी अध्ययन प्रतिवेदन २०७७

संयोजकः सहन्यायाधिवक्ता श्री गंगाप्रसाद पौडेल

सदस्यः उपन्यायाधिवक्ता श्री अर्जुनप्रसाद कोइराला

सदस्यः उपन्यायाधिवक्ता श्री खेमराज भट्ट

सदस्यः उपन्यायाधिवक्ता श्री बासुदेव लम्साल

सदस्यः उपन्यायाधिवक्ता श्री नवराज पराजुली

सदस्यः उपन्यायाधिवक्ता श्री टेकराज भुषाल

सदस्यः सर्वोच्च अदालत प्रतिनिधि उपरजिष्ट्रार सानुभाई के. सी.

सदस्य सचिवः शाखा अधिकृत श्री भक्ति उपाध्याय

महान्यायाधिवक्ताको कार्यालय, नेपाल

# नेपाल सरकारीवादी फौजदारी मुद्दामा सरकारका तर्फबाट सर्वोच्च अदालतमा दोहोऱ्याई पाउन दायर भएका निवेदनेको अवस्था सम्बन्धी अध्ययन प्रतिवेदन २०७७

## परिच्छेद एक

## प्रारमभिक

**१.१ पृष्ठभूमीः-** नेपालको संविधानको धारा १५७ ले महान्यायधिवक्ताको व्यवस्था गरेको र धार १५८ ले महान्यायधिवक्ताको काम, कर्तब्य र अधिकार तोकेको छ। जस अनुसार सरकारीवादी मुद्दा चल्ने नचल्ने निर्णय गर्ने, चल्ने निर्णय भएका मुद्दा अदालतमा फिराद अभियोग तयार गरी दायर र प्रतिरक्षा गर्ने, निवेदन पुनरावेदन गर्ने, नेपाल सरकार वा नेपाल सरकारको अधिकारी कर्मचारी पक्ष विपक्ष भएको एवं नेपाल सरकारलाई सरोकार पर्ने मुद्दामा प्रतिरक्षा गर्ने, नेपाल सरकार वा सरकारी अधिकारी कर्मचारीलाई कानूनी राय सल्लाह उपलब्ध गराउने लगाएतका काम कर्तव्य र अधिकार प्रदान भएको छ । महान्यायधिवक्तालाई संविधान बमोजिम तोकिएका उपरोक्त काम कर्तव्य अधिकार सम्पादन गर्नलाई महान्यायाधिवक्ताको कार्यालय र यसको मातहतमा कानुनद्वरा मुद्दाका कारवाहिका लागि क्षेत्राधिकार तोकिएका अदालतका तह र सरकारका प्रशासनिक संरचनाका तह क्षेत्राधिकार समेतलाई समेटने गरी उच्च, बिषेस र जिल्ला स्तरसम्म सरकारी वकिल कार्यालयगत संगठन संरचना र जनशक्तिको व्यवस्था भएको छ ।

नेपालको संविधान (२०७२) ले नेपालमा सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालत गरी तीन तहको अदालत रहने व्यवस्था गरेको छ । संविधानको धारा १५१ बमोजिम जिल्ला अदालतलाई शुरु मुद्दा हेर्ने, बन्दीप्रत्यक्षीकरण र निषेधाज्ञाको निवेदन सुन्ने, अर्धन्यायिक एवं स्थानिय न्यायिक समितीका निर्णय उपर पुनरावेदन सुन्ने समेतका क्षेत्राधिकार प्रदान गरिएको छ । यसैगरी उच्च अदालतलाई पनि संविधानको धारा १४४ बमोजिम शुरु कारवाही र किनारा गर्ने, पुनरावेदन सुन्ने र साधक जाँच गर्ने साधारण क्षेत्राधिकार एवं सार्वजनिक सरोकारका विवाद सम्बन्धि र प्रभावकारी उपचारको बिकल्प नभएको संबैधानिक कानुनी हक प्रचलन गराउन बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगाएतका रिट निवेदनहरुको सुनुवाई गरी आवश्यक र उपयुक्त आदेश जारी गर्ने असाधारण क्षेत्राधिकार रहेको छ। सर्वोच्च अदालतलाई संविधानको धारा १३३ बमोजिम कानुनको संबैधानिकता जाँच गर्ने, सार्बजनिक सरोकारको बिवादको सुनुवाई

गर्ने, धारा १३३(२) मा रिट निवेदनहरुको सुनुवाई गरी बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगाएतका आवश्यक र उपयुक्त आदेश जारी गर्ने असाधारण क्षेत्राधिकार र पुनरावेदन सुन्ने र साधक जाँच गर्ने, मुद्दा दोहर्याई हेर्ने, पुनरावलोकान गर्ने समेतका साधरण क्षेत्राधिकार प्रदान गरिएको छ ।नेपालको संविधान बमोजिम प्रदान भएको अदालतहरूको स्थापना र अधिकारक्षेत्र स्पष्ट गरी व्यवस्थित गर्ने तथा न्यायलाई छिटो, छरितो, सर्वसुलभ, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी बनाउने र न्याय प्रशासन सम्बन्धी प्रचलित कानूनलाई समयानुकूल संशोधन र एकीकरण गर्ने उद्देश्यले न्याय प्रशासन ऐन, २०७३ जारी गरिएको छ । उक्त ऐनले तीनै तहका अदालतहरुको संबिधान बमोजिमका अधिकारक्षत्रको प्रयोग गर्ने व्यवस्था स्पष्ट गरेको छ ।यसैगरी न्याय प्रशासन ऐन, २०७३ मा संबिधान बमोजिम सबै अदालतहरलाई भएको शुरु मुद्दा हेर्ने, पुनरावेदन र साधक सुन्ने, पुनरावलोकन सम्बन्धी निवेदन सुन्ने, मुद्दा दोहोऱ्याई हेर्ने, आफ्नो र मातहतका न्यायिक निकायहरुको अवहेलनामा कारवाही गर्ने, एवं असाधारण समेतको क्षेत्राधिकारमा पर्ने मुद्दाको बिवरण, ती क्षेत्राधिकारको प्रयोगको दायरा तथा सिमा, सो क्षेत्राधिकार लाग्न आवस्यक पुर्ब अवस्था, प्रकृया , हदम्याद इत्यादी सम्बन्धमा स्पष्ट पारिएको छ।

सरकारवादी फौजदारी मुद्दाहरुको उठान अभियोजन पक्षबाट पेश भएको अभियोग पत्रको माध्यामबाट सामान्यत जिल्ला अदालतबाट शुरु हुन्छ र सुरु अदालतको फैसला उपर केही मुद्दाहरुमा उच्च अदालतसम्म एक तह एवं केही मुद्दा हरुमा सर्वोच्च अदालतसम्म दुई तह पुनरावेदन लाग्ने कानूनी व्यवस्था छ।[1] सर्वोच्च अदालतमा पुनरावेदन लाग्न नसक्ने उच्च अदालतको फैसला उपर दोहोऱ्याई पाउन निवेदन लाग्न सक्ने गरी सर्वोच्च अदालतलाई क्षेत्राधिकारको व्यवस्था भएको पाइन्छ।[2] दोहोऱ्याई पाउन दायर भएका निवेदनमा पुनरावेदन मा जस्तो दर्ता भए पश्चात स्वतह सुनुवाई हुने नभई सर्वोच्च अदालतबाट सुनुवाईका लागि अनुमती दिई निस्सा प्रदान भएमा मात्रै पुन सुनुवाई हुन सक्दछ।[3] न्याय प्रशासन ऐन २०७३ को दफा १२ को अवस्थामा उच्च अदालतको फैसलामा विद्यमान छ भन्ने सर्वोच्च अदालतलाई विश्वास भएमा मात्र दोहोर्याई हेरी पाउन अनुमती दिई निस्सा प्रदान हुन्छ ।यस्तो आदेश उपर पुनरावलोकन समेत हुन नसक्ने कानुनी व्यवस्था भएको पाइन्छ ।[4]

[1] न्याय प्रशासन ऐन २०७३ दफा ७, ८ र ९

[2] ऐ ऐ दफा १२

[3] ......

[4] न्याय प्रशासन ऐन २०७३ दफा ...

दोहर्याई पाउने क्षेत्राधिकार सम्बन्धी उपरोक्त कानूनी व्यवस्थाबाट खास प्रकारको मुद्दामा उच्च अदालतबाट पुनरावेदन सुनी भएको फैसला सामान्यत अन्तिम होस र दुई तह अदालतबाट मुद्दा टुंगियोस भन्ने मान्यतालाई आत्मसात गरेको पाइन्छ। यस कारण मुद्दाका पक्षहरु , सरकारी वकिल तथा अदालतको कार्याबोझमा कमी आई श्रोत साधान तथा समयको बचत हुनका साथै विवादको सिघ्र सामाधानको अपेक्षा राखेको पाइन्छ । तर त्यस्ता खास प्रकारकै मुद्दामा पनि उच्च अदालतबाट भएका फैसलामा कानूनको व्याख्या[5] तथा नजिर पालनामा[6] त्रुटी रहेको, सरकारी सार्वजनिक सम्पतीको संरक्षण हुन नसकेको[7] वा असक्षम पक्षको उचित प्रतिनिधित्वको अभावमा फैसलामा तात्विक फरक परेको[8] अवस्थामा कानूनको अन्तिम व्याख्या गरी न्याय निरोपण गर्ने कार्यको सुपरिवेक्षण गर्ने सर्वोच्च अदालतलाई क्षेत्राधिकारबाट बाहेक गर्न नसकिने मान्यता अन्तर्गत दोहर्याई पाउने क्षेत्राधिकार सर्वोच्च अदालतमा रहेको पाइन्छ ।

सरकारी वकिलको प्रभावकारिता र संस्थागत सुधारका लागि आफना काम कारवाहीको समय समयमा अध्ययन गरी सुधारको उपाय अवलम्बन गर्नुपर्ने हुन्छ । कुनै पनि संस्थाको काम कारवाहीको प्रभावकारिताको मापनको महत्वपुर्ण सुचक भनेको काम कारवाहीको सफलता नै हो । सरकारी वकिलबाट सम्पादन हुने कार्यहरु विभिन्न सरोकारवालाहरुसंगको सहकार्यमा सम्पादन हुने हुँदा सफल हुनमा पनि सरोकारवालाहरुको भूमिकाको प्रभाव रहन्छ । तर कामको प्रकृति अनुसार त्यस्तो प्रभावको मात्रा कमवेशी रहने तथा आफनो भुमिकालाई सुदृढ बनाउन सकेको अवस्थामा असफलताको दोस र सफलताको जस अन्य सरोकारवालाहरुलाई दिनु पर्ने हुँदैन । तसर्थ संस्थागत सुधारका माध्यामबाट सरकारी वकिलको भूमिकालाई प्रभावकारी बनाउन सकिन्छ भन्ने मान्यता बमोजिम नै महान्यायाधिवक्ताको कार्यल्यबाट रणनीतिक योजना बनाई त्यसको कार्यान्वयबाट संस्थागत सुधारको प्रयास हुदै आएको छ । साथै संस्थागत सुधारका उपाय अवलम्बनको लागि संस्थाभित्रैबाट विभिन्न विषयमा अध्ययन समेतका काम कार्य हुदै आएको छ ।

महान्यायाधिवक्ताको कार्यालयको बार्षिक प्रतिवेदनमा भएको महान्यायधिवक्तको कार्यालय तथा मातहतका कार्यालयबाट सम्पादन गरिएका कामको वार्षिक समिक्षालाई हेर्दा सरकारी वकिलको काम कारवाहीको संख्या तथा समग्र सफलतामा कुनै वर्ष बढी र कुनै वर्ष कम भई तथ्याङ्कमा उतार चढाव हुंदै आएको पाइन्छ । तर विगत ३ आर्थिक वर्षमा सर्वोच्च अदालतमा दोहर्याई पाउन निवेदन दायर भएको संख्यामा लगातार बढोतरी भएको तर सफलताको प्रतिसत भने घट्दै गएको पाइन्छ । दोहर्याई पाउन गरिएको निवेदनमा सफलता पाउनका लागि सर्वोच्च अदालतमै २ चरणमा सफलता प्राप्त गर्नुपर्ने देखिन्छ । हालसम्म दोहर्याई पाउन गरिएका निवेदनमा निस्सा प्राप्ती पछाडिको सफलता असफलताका सम्बन्धमा छुट्टै अध्ययन भएको र

---

[5] न्याय प्रशासन ऐन २०७३ दफा १२ (१) (क)
[6] न्याय प्रशासन ऐन २०७३ दफा १२ (१) (ख)
[7] न्याय प्रशासन ऐन २०७३ दफा १२ (१) (ग)
[8] न्याय प्रशासन ऐन २०७३ दफा १२ (१) (घ)

वार्षिक प्रतिवेदनमा त्यसको अवस्था छुट्टयाई देखाउने गरिएको पाइदैन । वार्षिक प्रतिवेदनहरुमा उल्लेख गरिए अनुसार दोहर्याई पाउन गरिएका निवेदनमा निस्सा पाउने अवस्थासम्म तीन आ. ब. को सफलता असफलताको अवस्था निम्नानुसार रहेको पाइन्छ।

| आ. ब | जम्मा मुद्दा | फैशला | बांकी | निस्सा हुने | निस्सा नहुने | सफलता |
|---|---|---|---|---|---|---|
| २०७३\७४[9] | ११७४ | ७६३ | ४११ | ३९० | ३७३ | ५१.११% |
| २०७४\७५[10] | १३३५ | ४६७ | ८६८ | १६२ | ३०५ | ३४.६८% |
| २०७५\७६[11] | २१९० | ५०४ | १६८६ | १०८ | ३९६ | २१.४२% |

उपरोक्त तथ्याङ्क हेर्दा दो. पा. निवेदनको संख्या प्रत्येक बर्ष बढ्दै गएको भएतापनि सफलताको अवस्था घट्दै गएको पाईन्छ। यस अवस्थासम्मको यो सफलता आशातित नभई न्यून रहेको पाइन्छ भने निस्सा प्राप्ती पछाडिको कारवाहिको छुटै तथ्यांक राखिएको वा अध्ययन नभएको कारण कुनै अवस्था खुल्न सकेको पाइदैन । दोहर्याई पाउने निवेदनका सन्दर्भमा देखिएको उपरोक्त सम्मकै अवस्थाबाट सरकारी वकिलको कार्यबोझ र श्रोत साधन खर्चको तुलनामा एकातर्फ आसातित उपलब्धी हुन सकेको पाइदैन भने त्यस्ता निवेदनको औचित्य एवं विश्वसनीयतामा प्रश्न उठीरहेको छ । यसै परिस्थितिमा नेपाल सरकारवादी मुद्दामा दोहर्याई पाउने निवेदनको अवस्थाका बारेमा अध्ययन गरी समस्या पहिचान गरी समाधानका उपाय सुझाव गर्नका लागि महान्यायाधिवक्ताको कार्यालयबाट यस कार्यदलको गठन भएको छ ।

**१.२ कार्यदलको गठन र कार्यदिशः-** फौजदारी न्याय प्रशासनको नेतृत्वदायी निकाय महान्यायाधिवक्ताको कार्यालयले न्याय प्रशासनको कार्यलाई औचित्यपुर्ण, छिटो छरितो र प्रभावकारी बनाउन संविधानले प्रदान गरेको जिम्मेवारी भित्र रही महत्वपूर्ण भुमिका निर्वाह गर्दै आएको छ । आफ्नो रणनीतिक योजनामार्फत योजनावद्धरुपमा विभिन्न प्रयासहरु गर्दै आएको छ । हाल महान्यायाधिवक्ताको कार्यालयको दोस्रो रणनीतिक योजना कार्यान्वयनको क्रममा रहेको छ । योजना कार्यान्वयनको सिलसिलामा महान्यायाधिवक्ताको कार्यालयको मिति २०७६।११।१२ गतेको निर्णय अनुसार नेपाल सरकार वादी भएका मुद्दामा सम्मानित सर्वोच्च अदालतमा परेका दोहोऱ्याइ पाउने निवेदनमा निस्सा भए नभएको सम्बन्धमा बिगत १ वर्षको तथ्याङ्क अध्ययन गरी सुधारका उपाय अवलम्वन गर्नका लागि अध्ययन गरी प्रतिवेदन गर्न महान्यायाधिवक्ताको

[9] महान्यायधिवक्ता कार्यालयको वार्षिक प्रतिवेदनका आ. ब. २०७३\७४, अनुसुची २ पृ. ११८
[10] महान्यायधिवक्ता कार्यालयको वार्षिक प्रतिवेदनका आ. ब. २०७४\७५, अनुसुची २ पृ. १०७
[11] महान्यायधिवक्ता कार्यालयको वार्षिक प्रतिवेदनका आ. ब. २०७५\७६, अनुसुची २ पृ. १०९

कार्यालयका सहन्यायाधिवक्ता श्री गंगाप्रसाद पौडेलको संयोजकत्वमा एक कार्यदल गठन भएको थियो । उक्त कार्यदलको संरचना देहाय बमोजिम रहेक छ।

संयोजकः सहन्यायाधिवक्ता श्री गंगाप्रसाद पौडेल
सदस्यः उपन्यायाधिवक्ता श्री अर्जुनप्रसाद कोइराला
सदस्यः उपन्यायाधिवक्ता श्री खेमराज भट्ट
सदस्यः उपन्यायाधिवक्ता श्री बासुदेव लम्साल
सदस्यः उपन्यायाधिवक्ता श्री नवराज पराजुली
सदस्यः उपन्यायाधिवक्ता श्री टेकराज भुषाल
सदस्यः सर्वोच्च अदालत प्रतिनिधि शाखा अधिकृत सानुभाई के. सि.
सदस्य सचिवः शाखा अधिकृत श्री भक्ति उपाध्याय

सुरुवाती चरणमै कोभिड १९ को कारण अध्ययन कार्यमा समस्या भएको र पछी कतिपयसाथिहरुको सरुवा समेतका कारण उपरोक्त बमोजिमको कार्यदलका सदस्य हरुमध्ये सदस्य सचिव भक्ती उपाध्यायले संयोजकको निर्देशन बमोजिम छनौट अवधीमा मातहत र महान्यायधिवक्ताको कार्यालयबाट संपादन भएको दोहर्याई पाउने कारवहिको बिवरण, सो बिवरणका आधारमा संयोजकबाट भएको निर्देशन सुझाव एवं संलग्नतामा अध्ययनका लागी नमुना छनौट गरी छनौट गरिएका निर्णय, निवेदन र सर्बोच्च अदालतमा दायर गरिएका निवेदनमा निस्सा प्राप्ती भए नभएको बिवरण संकलन गर्नुभएको थियो। त्यसक्रममा वहांले नायव महान्यायधिवक्ता ज्यूहरुका निजी सचिव हरु, महान्यायधिवक्ताको कार्यालय र सर्वोच्च अदालतका आई टी शाखाका प्राबिधिकहरु संग कार्दलका संयोजक समेतको संलग्नतामा समन्वय गर्नु भएको थियो, यस्तै सर्वोच्च अदालतको तथ्याङ्क लिने क्रममा कार्दलमा सर्वोच्च अदालतबाट प्रतिनिधित्व गर्ने सदस्य सानुभाई के. सि. ज्यू को पनि संलग्नता रहेको थियो। यसैगरी कार्यदल सदस्य खेमराज भट्ट ज्यू ले कार्दलका संयोजकको सुझाव सहितको अनुरोध अनुसार प्रतिवेदनको परिच्छेद दुईमा संलग्न दोहोर्याई पाउने सम्बन्धी अवधारणा तयार गर्नमा संलग्नता रहेको थियो। यसैगरी कार्यदलका सदस्य नवराज पराजुलीबाट छनौट भएका निर्णय टिप्णीका नमुनामा पाइएका यसै प्रतिवेदनको परिच्छेद तीनको प्रकरण ६ मा उल्लेखित दोहोर्याई पाउने कारवाहीका क्रममा महान्यायधिवक्ताको कार्यालयले निर्णय गर्दा देखीएका प्रबृत्ती र निर्णयाधार समेतको अवस्थालाई अध्ययन गरी तालिकीकरण गर्नुभएको थियो। यस्तै कार्यदल सदस्य अर्जुन कोइरालाबाट छनौट भएका निर्णय टिप्णीका नमुनामा पाइएका यसै प्रतिवेदनको परिच्छेद तीनको प्रकरण ७ मा उल्लेखित म. न्या. का. बाट दो. पा. निवेदन नगर्ने गरी भएका निर्णय मध्ये नमुना छनौट गरी निर्णयधार के के छन भनि

महान्यायाधिवक्ताको कार्यालय, नेपाल

अध्ययन गरी दो. पा. नगर्ने निर्णयको कारण खुलाए नखुलाएको वा कस्ता प्रकृतिको निर्णयाधार खुलाईएको छ भनि अध्ययन गरी तालिकीकरण गर्नुभएको थियो। यस्तै कार्यदल सदस्य वासुदेव लम्सालबाट यसै प्रतिवेदनको परिच्छेद तीनको प्रकरण आठमा उल्लेखित अध्ययन अवधिमा म. न्या. का. बाट छनौट भएका दो. पा. निवेदन गर्ने निर्णय र सो मा भएका निवेदन नमुनाबाट दो. पा. निवेदन गर्ने निर्णय गर्दा लिइएका निर्णयधार के के छन र सोही मुद्दामा सर्वोच्च अदालतमा दो. पा. निवेदन दायर गर्दा निवेदनमा लिइएका दावी कस्ता छन भनि अध्ययन गरी निवेदनको कारण खोजि गरी तालिकीकरण गर्नुभएको थियो। अध्ययनको योजना, समन्वय, तथ्याङ्क बिष्लेषण एवं प्रतिवेदन तयार गर्ने सहितका अन्य बांकी कार्य कार्यदलका संयोजक गंगाप्रसाद पौडेलबाट सम्पादन भएको छ।

**१.३ कार्यदललाई प्राप्त कार्यादिशः-**

यस कार्यदललाई प्राप्त कार्यादिश यसप्रकार रहेको छः-

१) उल्लेखित कार्यदलले विगत १ वर्षको दोहोर्याई पाउँको निवेदन सम्बन्धी अभिलेखलाई मूल आधार बनाई उपलब्ध भएसम्मको विवरणका आधारमा नेपाल सरकारको तर्फबाट परेका दोहोऱ्याइ पाउने निवेदनमा निस्सा प्राप्त भए नभएको, निस्सा प्राप्त भएकोमा कसूर कायम भए नभएको विषय पहिचान गर्ने ।

२) नेपाल सरकाको तर्फबाट परेको दोहोऱ्याई पाउने निवेदन सम्बन्धमा हालको प्रवृत्तिको विश्लेषण गरी सुधारका लागि सुझाव दिने ।

**१.४ अध्ययनको अवधी र लागतः-**

एक महिना भित्र प्रतिवेदन बुझाउने भनी उपरोक्त बमोजिम भएको निर्णयको मिति २०७६।११।१४ च.नं. ८३३९ को पत्रमार्फत फाल्गुनको तेस्रो सातामा कार्यदलको संयोजकलाई भएको भएतापनि लोकसेवाका परिक्षाका कारण कार्यदल सदस्य विदामा रहेको तथा कार्यालयको अन्य कार्यव्यस्तता समेतका कारण चैतको पहिलो हप्ताबाट कार्यदलले कार्य प्रारम्भ गर्नेलाई अध्ययनलाई आवश्यक तथ्याङ्क संकलनका लागि योजना सम्म तयार गरेको तर तथ्याङ्क संकलन हुन नसक्दैको अवस्थामा संक्रामक रोग कोभिड-१९ का कारण बन्दाबन्दी (लक डाउन) हुन गएकाले सो पूर्वनिर्धारित समयमा अध्ययन संभव नभएको र खुलेपछि पनि कार्यालयको अन्य काम नियमित नै गर्नु पर्ने, कार्यदललाई अवस्यक तथ्याङ्क अभिलेख प्रकृयाबाट सजिलै पाइने नरहेको, अर्थिक बर्षको अन्त्य र सुरुवातका कारण तथ्याङ्क संकलन प्रभावित भएको जस्ता बिबिध कारणबाट तथ्याङ्क संकलन कार्यमै ढिलाई भइ हाल मात्र प्रस्तुत अध्ययनको कार्य संभव भएको छ।

यस अध्ययनका लागी कागज, कम्प्पुटर र प्रन्टर कार्यालयकै पर्योग गरिएको छ, साथै कार्यालयमै भएका कार्दलको २ वटा बैठकमा र सह-न्यायधिवक्ता ज्यूहरुसंगको "समुह छलफल" सहभागी हरुलाई

सामान्य खाजा उपलब्ध गराइएको थियो। उक्त खर्च कार्यालयकै नियमित मसलन्दबाट गरिएको र लागत एक्किन भएको छैन। सो बाहेक प्रस्तुत अध्ययनमा कुनै आर्थिक खर्च तथा ब्ययभार परेको छैन।

**१.५ अध्ययन विधी तथा तथ्याङ्कः-**

यो अध्ययन कार्यालयको कार्य सम्पादनका क्रममा तयार गरिएका तथ्याङ्कको प्रयोग गरिएको हुँदा यो अध्ययन प्राथमिक तथ्याङ्कमा आधारित छ। कार्यदललाई प्राप्त कार्यादिशमा "नेपाल सरकार वादी भएका मुद्दामा सम्मानित सर्वोच्च अदालतमा परेका दोह्रोराई पाउँ निवेदनमा निस्सा प्राप्त भए नभएको सम्बन्धमा विगत १ वर्षको तथ्याङ्क अध्ययन गरी सुधारका उपाय अवलम्बन गर्ने" भनी विगत एक वर्षको तथ्याङ्क अध्ययनका लागि तोकिएको थियो। तर पहिचान गर्न पर्ने विषयमा भने दोह्रोराई पाउँ निवेदनमा निस्सा प्राप्त भए नभएको र निससा प्राप्त भएकामा कसूर कायम भए नभएको विषय पहिचान गर्ने कार्यादिश पनि भएको हुंदा उल्लेखित विगत १ वर्षको तथ्याङ्कले कार्यादिश बमोजिमको अध्ययनका लागि कुनै सहयोग गर्न सक्ने देखिएन। किनकी विगत वर्षमा दोह्रराई पाउँन दायर भएका निवेदनमा निस्सा प्राप्त हुने नहुने सम्बन्धी निर्णय भैसक्ने संभावना छैन। यदी कुनै मुद्दामा निस्सा भएकै भए पनि पुन निस्सा प्राप्त पछाडिको कसूर कायम भए नभएको सम्बन्धमा मुद्दा भैसक्ने अवस्था नै नहुने हुंदा एउटा पनि तथ्याङ्क प्राप्त हुन सक्ने अवस्था छैन। यसैगरी सो निस्सा प्राप्त भए नभएको वा निस्सा प्राप्त भएकामा सफलता प्राप्त भए नभएको कुरा कुनै एक आर्थिक वर्षमा नेपाल सरकारबाट निवेदन गरिएका मुद्दाकै तथ्याङ्कबाट अध्ययन हुन उपयुक्त हुने देखियो। यसर्थ सर्वोच्च अदालतबाट दोह्रोराई पाउँमा निस्सा भएका मुद्दामा पनि अन्तिम फैसला हुन संभव हुन सक्ने देखिएको आ.व. २०७२\७३ मा नेपाल सरकारबाटदोहर्याई हेरिपाउन गरिएका निवेदनलाई आधार मानि अध्ययन गर्ने भनी यस कार्यदलको बैठकबाट निर्णय भए बमोजिम सोही निवेदनहरुमा निस्सा प्राप्त हुन सके नसकेको र निस्सा प्राप्त भएका मुद्दामा कसूर कायम भए नभएको तथ्याङ्क पहिचान र अध्ययन गर्ने निर्णय गरियो ।

यसै गरी दोह्रोराई पाउन परेका निवेदनमा प्रवृत्ति विश्लेषण गर्ने तथा सुधारका लागि सुझाव दिनका लागि उपरोक्त बमोजिम निस्सा प्राप्त भए नभएको एवं कसूर कायम भए नभएको तथ्याङ्क मात्रैबाट वास्तविक समस्या पहिचान हुन तथा तथ्यमा आधारित सुझाव प्रदान गर्न समस्या हुने देखिएकोले सो का लागि दोहोराई पाउन निवेदन गर्ने नगर्ने सम्बन्धमा महान्यायाधिवक्ता कार्यालयबाट हुने निर्णयहरुको समेत पनि अध्ययन गर्न पर्ने कार्यदलबाट महसुस भयो । तथ्याङ्क तथा निर्णय उपलब्ध हुन सहज हुने तथा पछिल्लो प्रबृत्तिको पहिचान हुन सक्ने हुंदा उच्च सरकारी वकील कार्यालय र महान्यायाधिवक्ताको कार्यालयबाट दोहोराई पाउन निवेदन गर्ने वा नगर्ने सम्बन्धमा यही २०७६ श्रावण १ देखि माघ मसान्त सम्म भएका कारवाही तथ्याङ्क र नमुना छनौट गरीका निर्णय अध्ययन गरिएको छ। त्यसरी नमुना छनौट गर्दा प्रत्येक उच्च सरकारी वकील कार्यालयबाट प्राप्त मुद्दा मध्येमा महान्यायाधिवक्ताको कार्यालयबाट दोह्रोराई पाउन निवेदन गर्ने निर्णय भएका ५ वटा र दोहोराई पाउन निवेदन नगर्ने निर्णय भएका ३ वटा मुद्दा सम्बन्धी निर्णय लईएको छ। यसरी अध्ययनका लागि निर्णय नमुना छनौट गर्दा भए र पुगेसम्म श्रावण महिनाको १वटा र बाँकी प्रति महिनाको १\१ वटा पछिल्लो माघ महिनाबाट छनौट गर्दै जाने र

त्यसरी छनौट गर्दा अध्ययन गर्न निर्धारित संख्या नपुग भएमा एउटै महिनाबाट दोहोर्याई थप नपुग नमुना संकलन गर्ने र साथै प्रत्येक महिनाको नमुना पनि सो महिनको पछिल्लो मितिबाट छनौट गर्ने समेत कार्दलबाट निर्णय भई सोही मुताविक नमुना छनौट र अध्ययन गरी दोहोर्याई पाउन निवेदन गर्ने प्रवृत्तिको पहिचान गरिएको छ।

यसैगरी दोहर्याई पाउन गरिएका निवेदनमा निस्सा प्राप्त हुने र नहुने आदेश ....\....संख्यामा अध्ययन गरिएको छ।यस्तै दोहर्याई पाउन गरिएका निवेदनमा निस्सा प्राप्त भई भएका फैसला मध्ये पनि सरकारको सफलता र असफलता भएका १०\१० प्रतिशत फैसला नमुना छनौट गरि अध्ययन गरीएको छ। यसरी अध्ययनका लागी फैशला आदेशको नमुना छनौट गर्दा अध्ययनको दायराका मुद्दाको क्रम अनुसार प्रत्येक १० मुद्दाबाट पछिल्लो १ मुद्दा छनौट गरी अध्ययन गरिएको छ।

उपरोक्त बमोजिमको अध्ययनका लागि छनौट भएका नमुना निर्णय, आदेश, फैशला एवं समकलन भएका तथ्याङ्क ७ मिहिना एवं १ वर्षको अवधिका रहेका र सो अवधिका पनि सबै निर्णय, आदेश, फैशला अध्ययन नभई तिनै मदैबाट नमुना छनौट गरी अध्ययन भएको हुंदा सोबाट प्राप्त हुने सुचना, प्रबृत्ती पहिचानमा सबै कुरा समेटिनमा चुनौतीको संभवना पनि रहन सक्ने र त्यस्तो कुरा समेटिन सक्ने एवं अनुभवी र बरिष्ट सरकारी वकिल जयूहरुको अनुभवलाई पनि अध्ययनमा समाबिष्ट गर्न कार्यदलबाट उपयुक्त हुने देखीयो।यसर्थ महान्यायधिवक्ताको कार्यालयमा कार्यरत रही मुद्दा दोहर्याई पाउने कारवाहीको निर्णय, निवेदन र बहस पैरवीमा संलग्न सह-न्यायधिवक्ता ज्यूहरुसंग “समुह छलफल” **पद्दती अवलंवन गरी सोबाट प्राप्त सुचनालाई पनि अध्ययनमा समाबिष्ट गरीएको छ।**

**१.८ अध्ययनको महत्वः-**

यस अध्ययन सरकार वादी मुद्दामा दोहोर्याई पाउन निवेदन गर्ने संस्थाको निर्णय अनुसार यही संस्थामा १५ देखि २५ वर्ष सम्म कार्यरत जनशक्ति द्धारा गरिएको छ। यसबाट यस संस्थाबाट आगमी दिनहरुमा दोहोर्याई पाउन निवेदन गर्दा सो निवेदनको प्रभावकारी सफलताका लागि हालको अवस्था पत्ता लागि सुधारका उपायहरु समेत पहिचान गरिएको हुँदा सो कार्यबाट समग्र संस्थाको काम कारवाहीमा सुधार हुन सक्छ। साथै प्रस्तुत अध्ययन मुख्यत नेपाल सरकारबाट दोहोर्याई पाउन गरिने निवेदन संग सम्बन्धित भएता पनि मुद्दामा हुने अभियोजन कै प्रति उत्पादनका रुपमा आउने हुँदा यस अध्ययनमा हुने सुझावले समग्र अभियोजन कार्यलाई पनि केही प्रभावित पार्न सक्ने विश्वाश गरिएको छ। यसै गरी सरकारवादी बाहेकका मुद्दामा हुने दोहोराई पाउँन गरिने निवेदनलाई पनि यस अध्ययनका सुझावहरु अनुकरणीय एवं उपयोगी हुन संभव हुन्छ।

महान्यायाधिवक्ताको कार्यालय, नेपाल

# परिच्छेद दुई
# मुद्दा दोहोऱ्याई हेर्ने सम्बन्धी सैद्धान्तिक अवधारणा

## २.१ विषय प्रवेशः-

कुनैं तल्लो तहको अदालतले गरेको निर्णय माथिल्लो अदालतबाट जाँच गरिने विभिन्न प्रकृयाहरु कानूनद्वारा नै निर्धारण गरिएका हुन्छन् । कुनैं पनि मुद्दामा शुरु कारवाही गर्ने, सो उपर पुनरावेदन सुन्ने, दोहोऱ्याइ पाउने निवेदन हेर्ने वा पुनरावलोकन निवेदन सुन्ने जस्ता क्षेत्राधिकार दिई सो को प्रकृयाहरु संविधान र कानूनले विभिन्न तहका अदालतलाई प्रदान गरेको छ । यी प्रकृयाहरुको माध्यमबाट तल्लो तहका अदालतबाट हुने प्रमाणको मूल्याङ्कन वा कानूनी नीति वा नजीर पालनाको त्रुटी वा जे सुकै भएपनि निर्णयमा हुने त्रुटीलाई सच्याउन मदत्त गर्दछ । नेपालको संविधानले सर्वोच्च अदालतको साधारण र असाधारण अधिकारक्षेत्रको बारेमा व्यवस्था गरेको छ ।[12] सर्वोच्च अदालतलाई प्राप्त हुने साधारण क्षेत्राधिकार अन्तर्गत यस संविधानको अधीनमा रही सर्वोच्च अदालतलाई संघीय कानूनमा व्यवस्था भए बमोजिम मुद्दाको शुरु कारबाही र किनारा गर्ने,पुनरावेदन सुन्ने, साधक जाँच्ने, मुद्दा दोहोऱ्याउने, निवेदन सुन्ने वा आफ्नो फैसला वा अन्तिम आदेशको पुनरावलोकन गर्ने अधिकार हुने व्यवस्था रहेको छ ।[13]

कुनै मुद्दामा तल्लो अदालत, निकाय वा अधिकारीले गरेको निर्णय र अन्तिम आदेश उपर चित्त नवुझ्ने पक्षले आफुलाई चित्त नबुझेका कुरामा सो को सुधार वा त्रुटीपूर्ण आदेश वा फैसला बदरका लागि सो भन्दा माथिल्लो सक्षम अदालत वा निकाय समक्ष गरिने आवेदन पुनरावेदन हो । तल्लो तहको अदालतले गरेको फैसलामा भएका त्रुटि, अन्याय सुधार गरी सो फैसलालाई उल्टी वा बदर गर्ने अधिकार पुनरावेदनको अधिकारक्षेत्र भित्र पर्दछ । कुनै पनि विवाद बारे सक्षम अदालत, न्यायिक निकाय वा पदाधिकारीले गरेको निर्णय उपर चित्त नबुझ्ने पक्षबाट माथिल्लो निकायमा गरिने याचनाका रुपमा पुनरावेदनलाई लिइन्छ । यो एक कानूनी अधिकारका रुपमा लिइन्छ । पुनरावेदनको रोहमा मुद्दा हेर्दा मुद्दाको तथ्यगत र कानूनी दुबै प्रश्नमा प्रवेश गरी उपयुक्त निर्णय गर्न सकिन्छ । कुनैं अदालत, न्यायिक निकाय वा पदाधिकारीले गरेको निर्णय उपर कम्तिमा एक तह पुनरावेदन गर्ने विषय कानूनी अधिकारको विषय भए पनि यसलाई स्वच्छ सुनुवाईको अधिकारको रुपमा समेत लिइन्छ ।

न्याय प्रशासन ऐन, २०७३ मा जिल्ला अदालत र उच्च अदालतलाई शुरु मुद्दा सुनुवाई गर्ने तथा आ-आफ्नो क्षेत्राधिकारका मातहत निकाय अदालतको फैशला पुनरावेदन सुनी फैशला जांच गर्ने क्षेत्राधिकार

---

[12]नेपालको संविधान धारा १३३

[13]नेपालको संविधान, धारा १३३(५)

रहेको पाईन्छ। सर्वोच्च अदालतलाई भने न्यायपालिकाको सबैभन्दा माथिल्लो तथा नेतृत्वदायी अदालत भएका कारण मातहत अदालतको फैशला उपर पुन सुनुवाई गरी जाँच गर्न पुनरावेदन र मुद्दा दोहर्याई हेर्ने र आफ्नै फैशला पनि पुनरावलोकन गरी दोस्रोपटक सुनुवाई गर्न सक्ने क्षेत्राधिकार रहेको पाईन्छ। यसैगरी उक्त ऐनमा पुनरावेदन सुन्ने अदालत र साधक जाँच्ने अदालतलाई देहाय बमोजिमको अधिकार हुने उल्लेख गरिएको छः[14]–

(क) मातहतका अदालत, निकाय वा अधिकारीको निर्णय सदर वा आंशिक वा पूरै बदर गर्ने,

(ख) मातहतका अदालत, निकाय वा अधिकारीले गर्न पाउने फैसला वा अन्तिम आदेश गर्ने,

(ग) मुद्दामा इन्साफ गर्नुपर्ने प्रश्नसँग सम्बद्ध प्रमाण मातहतका अदालत, निकाय वा अधिकारीले बुझ्न छुटाएको रहेछ भने आफैंले बुझ्ने वा मुद्दाको लगत कायमै राखी ती प्रमाणहरु बुझ्न मिसिल तल्लो अदालत, निकाय वा अधिकारीसमक्ष पठाउने,

(घ) मातहतका अदालत, निकाय वा अधिकारीले मुद्दामा निर्णय गर्नुपर्ने प्रश्नमध्ये केहीमा निर्णय गरी र केहीमा निर्णय नगरी फैसला गरेको रहेछ भने मनासिब समय तोकी बाँकी प्रश्नको समेत निर्णय गरी मुद्दा किनारा गर्नु भनी मिसिल सम्बन्धित अदालत, निकाय वा अधिकारी समक्ष पठाउने ।

सर्वोच्च अदालतलाई प्राप्त साधारण क्षेत्राधिकार मध्ये आफ्नो फैसला वा अन्तिम आदेशको पुनरावलोकन गर्ने क्षेत्राधिकार पनि रहेको छ । न्याय प्रशासन ऐन, २०७३ मा सर्वोच्च अदालतको पुनरावलोकनको क्षेत्राधिकार सम्बन्धी व्यवस्था अन्तर्गतकुनै अदालतबाट फैसला वा अन्तिम आदेश गरिसकेको मुद्दा सोही अदालतबाट पुनरावलोकन नगरिने व्यवस्था छ । तर सर्वोच्च अदालतले देहायको अवस्थामा आफ्नो फैसला वा अन्तिम आदेश पुनरावलोकन गर्न सक्ने व्यवस्थामा रहेको देखिन्छः[15]-

(क) मुद्दामा भएको इन्साफमा तात्विक असर पर्ने किसिमको कुनै प्रमाण रहेको तथ्य मुद्दाको किनारा भएपछि मात्र सम्बन्धित पक्षलाई थाहा भएको देखिएमा, वा

(ख) सर्वोच्च अदालतबाट स्थापित नजीर वा कानूनी सिद्धान्तको प्रतिकूल फैसला वा अन्तिम आदेश भएको देखिएमा ।

देहायको अवस्थामा सर्वोच्च अदालतले आफ्नो फैसला वा अन्तिम आदेशको पुनरावलोकन गर्ने छैन भन्ने व्यवस्था रहेको छः

(क) एक पटक त्यस्तो फैसला वा अन्तिम आदेशको पुनरावलोकन गरिसकेको,

(ख) बृहत पूर्ण इजलासबाट फैसला वा अन्तिम आदेश भएको,

---

[14]न्याय प्रशासन ऐन, २०७३, दफा १४

[15]न्याय प्रशासन ऐन, २०७३, दफा ११



महान्यायाधिवक्ताको कार्यालय, नेपाल

(ग) संवैधानिक इजलासबाट निर्णय भएको,

(घ) यो ऐन प्रारम्भ हुनुअघि प्रचलित कानून बमोजिम मुद्दा दोहोऱ्याईफैसला भएको, वा

(ङ) न्याय प्रशासन ऐन, २०७३ को दफा १२ बमोजिम दोहोऱ्याई हेरिएको मुद्दामा उच्च अदालतको इन्साफ सदर भएको वा दोहोऱ्याई हेर्ने निस्सा नभएको ।

## २.२ सर्वोच्च अदालतको दोहोऱ्याई हेर्ने सम्बन्धी क्षेत्राधिकारः-

मुद्दा दोहोऱ्याई हेर्ने अधिकार क्षेत्र सर्वोच्च अदालतको साधारण अधिकारक्षेत्रको रुपमा मात्र रहेको छ । यस अधिकारक्षेत्रबाट तल्लो निकायले हेरी अन्तिम भएको मुद्दा पुनः हेर्नु, पुनरावेदनको बाटो बन्द भैसकेका मुद्दा निश्चित शर्त भित्र रही हेर्नु दोहोऱ्याउनु हो । सर्वोच्च अदालतमा पुनरावेदन नलाग्ने अवस्थाका मुद्दाहरुमा मात्र दोहोऱ्याई हेर्न सकिने हुन्छ । दोहोऱ्याई हेर्ने निस्सा नदिन कुनै आधार कारण दिई रहनु पर्दैन । दोहोऱ्याई आदेश गर्नका लागि मात्र आधार कारण आवश्यक हुन्छ । दोहोऱ्याई पाउने निवेदन अनुमतिका लागि संयुक्त इजलासबाट हेरिन्छ र दोहोऱ्याई हेर्ने आदेश भएमा मात्र पुनरावेदनको रुपमा दर्ता हुन्छ । यो पक्षको शर्तयुक्त अधिकार हो । सर्वोच्च अदालतको Supervisory Jurisdictionका रुपमा यो क्षेत्राधिकार रहेको हुन्छ । यस अन्तर्गत तलको फैसला दोहोऱ्याई जाँच गरिन्छ । समग्र मुद्दाको तथ्य भित्र प्रवेश गर्रिंदैन । निवेदन आधारयुक्त भएमा मात्र मुद्दा दर्ता हुन्छ । दोहोऱ्याई पाउन दिइने निवेदनमा निस्सा पाउनका लागि कानूनमा तोकिए अनुसारका स्पष्ट आधार र कारण आवश्यक पर्दछ ।

मुद्दाको कारवाहीको क्रममा शुरु तहको अदालत र उच्च अदालतबाट समेत फैसला भइसकेको र यसरी भएको फैसला उपर पुनरावेदन लाग्ने अवस्था समेत नभएको अवस्थामा मुद्दा दोहोऱ्याइ हेर्ने विषय आउने गर्दछ । उच्च अदालतले गरेको फैसला उपर सर्वोच्च अदालतमा पुनरावेदन लाग्न नसक्ने अवस्था भएमा र गम्भीर प्रकृतिका कानुनद्वारा निश्चित त्रुटी उच्च अदालतको फैसलामा भएको अवस्थामा मात्र सर्वोच्च अदालतमा मुद्दा दोहोऱ्याइ हेरी पाउँ भन्ने निवेदन लाग्न सक्छ ।

## २.३ दोहोऱ्याइ पाउने सम्बन्धी कानूनी व्यवस्थाः-

सर्वोच्च अदालतको दोहोऱ्याई हेर्ने निवेदन सम्बन्धी क्षेत्राधिकारको बारेमा सर्वप्रथम न्याय प्रशासन ऐन, २०४८ मा गरिएको थियो ।[16] नेपाल अधिराज्यको संविधान, २०४७ जारी भएपछिसर्वोच्च अदालतको साविकको क्षेत्राधिकारमा उक्त संविधानमा व्यापक व्यवस्थाहरु गरियो । सर्वोच्च अदालतलाई न्यायिक पुनरावलोकन सहितको असाधारण क्षेत्राधिकार प्रदान गरियो ।[17] सर्वोच्च अदालतलाई शुरु मुद्दा हेर्ने र

[16]न्याय प्रशासन ऐन, २०४८, दफा १२

[17]नेपाल अधिराज्यको संविधान, २०४७, धारा ८८

पुनरावेदन सुन्ने क्षेत्राधिकारका अतिरिक्त अन्य क्षेत्राधिकार कानूनद्वारा निर्धारण भए बमोजिम हुने व्यवस्था गरिएको थियो । नेपाल अधिराज्यको संविधान, २०४७ ले व्यवस्था गरे अनुरुप अदालतहरुको स्थापना र अधिकारक्षेत्र व्यवस्थित गर्न र न्याय छिटो, कम खर्चिलो र सुलभ बनाउन न्याय प्रशासनमा समयानुकूल सुधार गर्न २०४८।२।१६ गते देखि न्याय प्रशासन ऐन, २०४८ जारी गरियो । उक्त ऐनले अदालतको स्थापना, न्यायाधीशको नियुक्ति र अदालतको क्षेत्राधिकार समेतको बारेमा कानूनी व्यवस्था गर्‍यो । यो ऐन वा प्रचलित कानून बमोजिम सर्वोच्च अदालतमा पुनरावेदन नलाग्ने मुद्दाहरु तत्कालीन पुनरावेदन अदालतले गरेको फैसला वा अन्तिम आदेश देहायका अवस्थामा सर्वोच्च अदालतले दोहोर्‍याई हेर्न सक्ने व्यवस्था गरियो:[18]-

(क) पुनरावेदन अदालतको फैसला वा अन्तिम आदेशमा गम्भीर कानूनी त्रुटी भएको,

(ख) सर्वोच्च अदालतबाट स्थापित कानूनी सिद्धान्त वा नजीरको पालन नगरेको वा गलत किसिमले व्याख्या गरी प्रयोग गरेको,

(ग) सर्वाजनिक सम्पत्ति सम्वन्धी विवाद समावेश भएको मुद्दामा मिसिल संलग्न प्रमाणको उचित मूल्यांकन नभएको कारणले सर्वाजनिक सम्पत्ति हिनामिना भएको वा त्यस्तो सम्पत्तिमा क्षति पुगेको, वा

(घ) बालक, महिला, बृद्ध, अपाङ्ग वा मानसिक रोगबाट पीडित व्यक्तिको उचित प्रतिनिधित्व हुन नसकी इन्साफमा तात्विक असर परेको ।

सर्वोच्च अदालतबाट एक पटक दोहोर्‍याई हेरी निर्णय भैसेको मुद्दा फेरि दोहोर्‍याई नहेरिने व्यवस्था समेत गरिएको थियो । यसरी मुद्दा दोहोर्‍याई हेरी पाउँ भनी दिइने निवेदनपत्रहरु पुनरावेदन अदालतले निर्णय गरेको मितिले बाटोको म्याद बाहेक पैंतीस दिनभित्र सर्वोच्च अदालतमा वा त्यस्तोनिर्णय गर्ने पुनरावेदन अदालतमा दर्ता गराउन सकिने रहेको पाइन्छ ।

विद्यमान कानूनी व्यवस्था हेर्दा दोहोर्‍याई पाउने निवेदन सुन्ने सम्बन्धी सर्वोच्च अदालतको क्षेत्राधिकारको बारेमा न्याय प्रशासन ऐन, २०७३ मा व्यवस्था गरिएको छ । उक्त ऐनमा भएको कानूनी व्यवस्था अनुसार यो ऐन वा प्रचलित कानून बमोजिम सर्वोच्च अदालतमा पुनरावेदन नलाग्ने मुद्दामा उच्च अदालतले गरेको फैसला वा अन्तिम आदेश सर्वोच्च अदालतले देहायका अवस्थामा दोहोर्‍याइ हेर्न सक्नेछ:[19]

(क) उच्च अदालतको फैसला वा अन्तिम आदेशमा गम्भीर संवैधानिक वा कानूनी त्रुटी भएको छ,

(ख) सर्वोच्च अदालतबाट स्थापित कानूनी सिद्धान्त वा नजिरको पालन नगरेको वा गलत किसिमले व्याख्या गरी प्रयोग गरेको,

---

[18]न्याय प्रशासन ऐन, २०४८, दफा १२

[19]न्याय प्रशासन ऐन, २०७३, दफा १२

(ग) सरकारी वा सार्वजनिक सम्पत्ति सम्बन्धी विवाद समावेश भएको मुद्दामा मिसिल संलग्न प्रमाणको उचित मूल्याङ्कन नभएको कारणले सरकारी वा सार्वजनिक सम्पत्ति हिनामिना भएको वा त्यस्तो सम्पत्तिमा क्षति पुगेको, वा

(घ) बालक, महिला, अपाङ्गता भएका व्यक्ति, मानसिक रोगबाट पीडित वा पचहत्तर वर्ष उमेर पूरा गरेको व्यक्तिको उचित प्रतिनिधित्व हुन नसकी इन्साफमा तात्विक असर गरेको ।

तर देहाय बमोजिमका मुद्दा भने दोहोऱ्याइ नहेरिने व्यवस्था रहेको छः-

(क) सर्वोच्च अदालतबाट एक पटक दोहोऱ्याई हेरिसकेको,

(ख) न्यायिक निकाय, अर्धन्यायिक निकाय वा अधिकारीले गरेको शुरू निर्णय वा अन्तिम आदेश उपर जिल्ला अदालतले पुनरावेदनको रोहमा निर्णय गर्दा आंशिक वा पूरै बदर गरी निर्णय गरेको मुद्दामा उच्च अदालतबाट पुनरावेदन सुनी निर्णय भएको ।

उच्च अदालतबाट मुद्दा फैसला भएको थाहा पाएको मितिले पैंतालीस दिनभित्र त्यस्तो निर्णय गर्ने उच्च अदालत मार्फत वा सर्वोच्च अदालतमा मुद्दा दोहोऱ्याइ हेर्नका लागि निवेदन दिन सकिने व्यवस्था छ । यसरी दिने निवेदन साथ तोकिए बमोजिमका विवरण तथा कागजात संलग्न गर्नु पर्नेछ । उक्त बमोजिमको अवस्था विद्यमान रहे वा नरहेको हेरी अनुमति प्रदान गर्ने वा नगर्ने आदेश संयुक्त इजलासबाट हुने कानूनी व्यवस्था छ ।सो बमोजिम अनुमति प्रदान गरिएमा त्यसरी अनुमति प्रदान गर्ने न्यायाधीश र पहिला फैसला गर्ने न्यायाधीश बाहेकको अन्य न्यायाधीशको इजलासबाट त्यस्तो निवेदन उपर सुनुवाई गर्नु पर्ने ब्यवस्था रहेको देखिन्छ ।

न्याय प्रशासन ऐन, २०४८ र न्याय प्रशासन ऐन, २०७३ मा भएका दोहोऱ्याई हेर्ने निवेदन सम्बन्धी कानूनी व्यवस्थामा मुद्दा दोहोऱ्याई हेर्ने निवेदन गर्न सकिने आधारहरुमा समानता रहेको देखिन्छ । न्याय प्रशासन ऐन, २०४८ मा सर्वोच्च अदालतले दोहोऱ्याई हेर्ने निवेदन सुन्ने आधारमा साविकको पुनरावेदन अदालतले गरेको फैसला वा अन्तिम आदेशमा गम्भीर कानूनी त्रुटि भएको अवस्थालाई निर्धारण गरिएको थियो भने न्याय प्रशासन ऐन, २०७३ मा भने उच्च अदालतले गरेको फैसला वा अन्तिम आदेशमा गम्भीर संवैधानिक वा कानूनी त्रुटी भएको अवस्थालाई दोहोऱ्याई हेर्ने निवेदन लाग्ने आधारको रुपमा व्यवस्था गरिएको छ ।यसैगरी सर्वोच्च अदालतमा दोहोऱ्याई हेर्ने निवेदन गर्ने हदम्यादका सम्बन्धमा समेत साविकको ऐन र हालको ऐनमा केही भिन्नता रहेको पाइन्छ । साविकको न्याय प्रशासन ऐन, २०४८ मा पुनरावेदन अदालतले मुद्दा दोहोऱ्याई हेरी पाउँ भनी दिइने निवेदनपत्रहरु पुनरावेदनअदालतले निर्णय गरेको मितिले बाटोको म्याद बाहेक पैंतीस दिनभित्र सर्वोच्च अदालतमा वा त्यस्तोनिर्णय गर्ने पुनरावेदन अदालतमा दर्ता गराउन सकिने व्यवस्था गरेको थियो भने न्याय प्रशासन ऐन, २०७३ मा उच्च अदालतबाट मुद्दा फैसला

भएको थाहा पाएको मितिले पैंतालिस दिनभित्र त्यस्तो निर्णय गर्ने उच्च अदालत मार्फत वा सर्वोच्च अदालतमा मुद्दा दोहोऱ्याई हेर्नका लागि निवेदन दिन सकिने व्यवस्था गरेको छ ।

नेपालको संविधानमा नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा निजको मातहतका सरकारी वकीलबाट नेपाल सरकारको प्रतिनिधित्व गरिनेछ । यस संविधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै अदालत वा न्यायिक निकाय वा अधिकारी समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई हुनेछ भन्ने संवैधानिक व्यवस्था गरिएको छ ।[20]मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ र २ अन्तर्गतका मुद्दाहरुमा र अन्य बिशेष कानूनमा नेपाल सरकार वादी हुने भनी उल्लेख गरिएका मुद्दाहरुमा अदालत वा मुद्दा हेर्ने निकाय समक्ष अभियोगपत्र, अदालतबाट भएका फैसला उपर कानून बमोजिम पुनरावेदन, मुद्दा दोहोऱ्याई हेर्ने निवेदन वा पुनरावलोकनको निवेदन समेत दायर गर्ने अधिकार सम्बन्धित सरकारी वकीललाई हुने व्यवस्था उक्त संहितामा गरिएको छ ।[21] साथै त्यसरी दायर भएपछी उक्त मुद्दाहरुमा सरकारी वकीलबाट प्रतिनिधित्व गर्नु पर्ने कानूनी व्यस्था रहेको छ ।

उच्च अदालतबाट भएको फैसला उपर कानून बमोजिम सर्वोच्च अदालतमा पुनरावेदन लाग्न नसक्ने अवस्थामा मुद्दा दोहोऱ्याई हेर्ने निवेदन गर्ने वा नगर्ने भन्ने प्रश्न उपस्थित हुन्छ । उच्च अदालतबाट फैसला भएको थाहा पाएको मितिले पैंतालिस दिनभित्र त्यस्तो निर्णय गर्ने उच्च अदालत मार्फत वा सर्वोच्च अदालतमा मुद्दा दोहोऱ्याई हेर्नको लागि निवेदन दिन सकिने भन्ने कानूनी न्याय प्रशासन ऐन, २०७३ मा रहेको छ[22] । नेपाल सरकार वादी हुने मुद्दाहरुमा नेपाल सरकारको तर्फबाट सर्वोच्च अदालतमा मुद्दा दोहोऱ्याई हेर्ने निवेदन गर्ने सम्बन्धमा सरकारी वकील सम्बन्धी नियमावली, २०७७ मा व्यवस्था गरिएको पाइन्छ ।[23] उक्त कानूनी नियमावलीको व्यवस्था अनुसार न्याय प्रशासन ऐन, २०७३ को दफा १२ बमोजिम कुनै मुद्दामा मुद्दा दोहोऱ्याउने निवेदन गर्न उपयुक्त छ भन्ने लागेमा त्यस्तो मुद्दामा सम्बन्धित सरकारी वकीलले उच्च अदालतबाट फैसला वा अन्तिम आदेश भएको मितिले पाँच दिन भित्र मुद्दा दोहोऱ्याउने सम्बन्धी निवेदनको मस्यौदा तयार गरी महान्यायाधिवक्ताको कार्यालय समक्ष पठाउनु पर्नेछ । कुनैं मुद्दामा उच्च अदालतबाट भएको फैसला वा अन्तिम आदेश उपर मुद्दा दोहोऱ्याउने निवेदन गर्न उपयुक्त छैन भन्ने लागेमा उच्च

[20]नेपालको संविधान, धारा १५८

[21]मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४, दफा ३४

[22]न्याय प्रशासन ऐन, २०७३, दफा १२

[23]सरकारी वकील सम्बन्धी नियमावली, २०७७, नियम २४

सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ताले आधार र कारण उल्लेख गरी मुद्दा दोहोऱ्याउने निवेदन नगर्ने निर्णय गर्न सक्नेछ । यसरी निर्णय भएकोमा सो को अभिलेख राखी निर्धारित ढाँचामा सोको विवरण महान्यायाधिवक्ताको कार्यालयमा निर्णय भएको मितिले तीन दिनभित्र पठाउनु पर्ने भन्ने व्यवस्था रहेको छ ।

यसैगरी नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा अदालत वा मुद्दा हेर्ने निकायले गरेको निर्णय वा आदेश उपर पुनरावेदन वा पुनरावलोकन वा मुद्दा दोहोऱ्याउन निवेदन गर्नु पर्ने देखिएमा महान्यायाधिवक्ताले सो बमोजिम गर्नका लागि सम्बन्धित अधिकारीलाई लेखि पठाउन सक्नेछ र त्यसरी लेखी आएमा सम्बन्धित अधिकारीले सोही बमोजिम गर्नु गराउनु पर्नेछ भन्ने कानूनी व्यवस्था गरिएको पाइन्छ ।[24]

पुनरावेदन र मुद्दा दोहोऱ्याई हेर्ने निवेदनका सम्बन्धमा सर्वोच्च अदालतले विभिन्न मुद्दाहरुमा विभिन्न किसिमले व्याख्या गरेको पाइन्छ । प्र.ना.नि. कृष्ण मानन्धरसमेतको जाहेरीले नेपाल सरकार प्रतिवादी रत्न बहादुर के.सी. समेत भएको लागू औषध मुद्दामा[25]सम्मानित सर्वोच्च अदालतबाट पुनरावेदकीय क्षेत्राधिकारमा प्रारम्भिक क्षेत्राधिकारको विस्तार (Extension of Original Jurisdiction) हुने भएको कारण शुरु अदालत सरह माथिल्लो तहको अदालतलेपनि आवश्यकता अनुसार सवुत प्रमाण बुझ्ने लगायतका कार्यविधि पुरा गरी निर्णय गर्न सक्ने र दोहोऱ्याई हेर्ने निवेदनमा माथिल्लो अदालतले सुपरीवेक्षकीय क्षेत्राधिकार (Supervisory Jurisdiction) अन्तर्गत ऐनमा तोकिएको सीमित आधारमा हेरिनु पर्नेअवस्था हुन्छ।तसर्थ एउटै मुद्दामा कुनै प्रतिवादीलाई पुनरावेदन वा उच्च अदालतबाट १० वर्ष भन्दाबढी कैदको सजाय भएको अवस्थामा १० वर्ष भन्दा कम कैद सजाय भएका प्रतिवादीहरुले दफा ९(१)(ख) बमोजिम पुनरावेदन गर्न पाउने नै हुन्छ। उक्तबमोजिम पुनरावेदन गर्न पाउने वा नपाउने भन्ने कुरा पुनरावेदन अदालत वा उच्चअदालतको फैसलाले तोकेको सजायको आधारमा निर्धारण हुने देखिन्छ। दश वर्षभन्दा बढी कैद सजाय हुने ठहराएका प्रतिवादीले पुनरावेदन गरे वा नगरेको आधारमा मात्र अन्य प्रतिवादीको पुनरावेदन गर्ने कुरा निर्धारण गर्नु उचित नदेखिने भन्ने सिद्धान्त प्रतिपादन भएको पाइन्छ ।

ईश्वरी भट्टराई विरुद्ध ईन्द्रप्रसाद शर्मा भएको अंश मुद्दामा[26] सर्वोच्च अदालतले न्याय प्रशासन ऐन,२०७३ आउनु भन्दा अगाडि प्रचलनमारहेको न्याय प्रशासन ऐन,२०४८ को दि ११(२)(घ) मा दफा १२ बमोजिम दोहोऱ्याएको मुद्दामा पुनरावेदन अदालतको इन्साफ सदर भएको भन्ने ब्यवस्था रहेको छ ।यी सबै ब्यवस्थाहरुले सर्वोच्च अदालतले उच्च अदालत वा पुनरावेदन अदालतबाट भएको फैसला दोहोऱ्याई हेरेकोमा सोफैसला सदर भएको अवस्थामा मात्र पुनरावलोकनको निवेदन दिन नपाईने गरी स्पष्ट ब्यवस्था

[24]सरकारी वकील सम्बन्धी नियमावली, २०७७, नियम २६

[25]नेकाप २०७६, अंक ८, नि.नं. १०३२०

[26]नेकाप २०७६, अंक ८, नि.नं. १०३२१

गरेको छ। जिल्ला,पुनरावेदन तह र सर्वोच्च अदालतको फैसलामा एकरुपता नभएको अवस्थामा केही न केही कानुनी प्रश्न समावेश भएको हन्छ र त्यस्तो विषयलाई सवोच्च अदालतको पुर्ण इजलासबाट हेरी नरराकरण गर्नु आवशयक हुन्छ भन्ने उद्देश्यकासाथ उक्त कानुनी ब्यवस्थाहरु भएको हो भनी अर्थ गर्दा तार्किक र न्यायपूर्ण हुन जाने भन्ने व्याख्या गरिएको छ ।

यसैगरी कीर्ति बहादुर चन्द विरुद्ध नेपाल सरकार भएको लागू औषध मुद्दामा[27]न्याय प्रशासन ऐनको दफा ९(१)(ख) को "दश वर्ष भन्दा बढी कैदको सजाय भएको" मुद्दा भन्ने वाक्यांशलाई व्यक्तिलाई दश वर्ष कैद भएको अवस्थामा यस्तो व्यक्तिको हकमा मात्र पुनरावेदन लाग्ने हो भनी व्यक्तिलाई भएको कैदलाई पुनरावेदनको मापदण्ड बनाउने हो भने कुनै मुद्दामा धेरै प्रतिवादीहरु भई कसैलाई १० वर्ष भन्दा बढी कैद सजाय ठहर भएको र कसैलाई १० वर्ष भन्दा कम कैद सजाय ठहर भएकोमा एकै मुद्दामा प्रतिवादीहरुले आफूलाई भएको सजायलाई हेरी १० वर्ष वा वढी कैद भएकाले पुनरावेदन गर्नुपर्ने र सो भन्दा मुनि कैद भएको प्रतिवादीले दोहोऱ्याई पाउं भन्ने निवेदन दिनुपर्ने हुन्छ । अतः एउटा मुद्दामा कुनै प्रतिवादीलाई १० वर्ष भन्दा बढी कैदको सजाय भएको अवस्थामा १० वर्ष भन्दा कम कैद सजाय भएका प्रतिवादीहरुले समेत दफा ९(१)(ख) बमोजिम पुनरावेदन गर्नु पर्दछ भन्ने निष्कर्ष नै न्यायोचित तर्कसंगत र सुविधाजनक समेत हुने भन्ने सिद्धान्त प्रतिपादन भएको पाइन्छ ।

**परिच्छेद- तीन**

[27]नेकाप, २०५९, अंक ३, नि.नं. ७०७०

## नेपाल सरकारवादी फौजदारी मुद्दामा दोहोऱ्याई पाउन निवेदन गर्ने नगर्ने कारवाहीहरुको अवस्था सम्बन्धी तथ्याङ्क

यस परिच्छेदमा दोहोऱ्याई पाउन आ. व. २०७२\७३ र २०७६ को श्रावण देखी माघ महिनासम्म गरिएको कारवाही सम्बन्धमा तथ्याङ्कबाट देखिएको अवस्थालाई प्रस्तुत गरिएको छ। दोहोऱ्याई पाउने कारवाही अन्तर्गत साविकका पुनरावेदन सरकारी वकील कार्यालयबाट दोहोऱ्याई पाउन निवेदन गर्ने वा नगर्ने गरी पठाइएको प्रस्ताव र सो प्रस्तावमा महान्यायाधिवक्ता कार्यालयबाट भएको निर्णय निकासा, पु.स.व.का.बाट पुनरावेदन गर्ने नगर्ने पठाए पनि म.न्या.का.बाट दोहोऱ्याई पाउन निवेदन गर्ने वा नगर्ने गरी भएका निर्णय निकासा, वर्तमानमा उच्च सरकारी  वकील कार्यालयबाट दोहोऱ्याई पाउन निवेदन नगर्ने गरी भएको निर्णय, म.न्या.का.मा निवेदन गर्न पठाएको प्रस्ताव र सो उपर म.न्या.का.बाट भएको निर्णय निकासाको तथ्याङ्क, दोहोऱ्याई पाउन निवेदन गर्ने तथा नगर्ने सम्बन्धमा भएका निर्णयमा खुलाईएका निर्णयाधारको अवस्था, दोहोऱ्याई पाउन गरिएका निवेदनमा उच्च अदालतको फैशलामा त्रुटी दावी गरिएका कानून एवं नजिर, सर्वोच्च अदालतमा दोहोऱ्याई पाउन गरिएको निवेदनमा निस्सा प्राप्त भए नभएको विवरण तथा निस्सा प्राप्ति पछिको अन्तिम सफलता असफलताको तथ्याङ्क, दो.पा. निवेदनमा सर्वोच्च अदालतबाट भएको निस्सा हुने\नहुने आदेश तथा निस्सा प्राप्ति पछाडिको फैसलाबाट देखिएका सफलता प्राप्त भए नभएको सम्बन्धमा खुलेका कारण सम्बन्धित विवरणलाई समावेश गरिएको छ। साथै सरकारवादी फौजदारी मुद्दामा दोहोऱ्याई पाउने कारवाहीका सम्बन्धमा "सह-न्यायाधिवक्ता" ज्यूहरुसंग गरिएको "समुह छलफल" कार्यक्रममा प्राप्त विषयवस्तुलाई पनि यँहा प्रस्तुत गरिएको छ।

### १) आ. व. २०७२\७३ मा पु. स. व. का बाट प्राप्त प्रस्तावमा म.न्या.का.बाट दोहर्याई पाउन निवेदन गर्ने नगर्ने सम्बन्धमा निकासाको अवस्था

कार्यदललाई दो.पा. निवेदनमा निस्सा पाउनमा सफलता असफलताको अवस्थाका साथै निस्सा प्राप्ति पछिको सफलता असफलताको अवस्थाको बारेमा पनि अध्ययन गर्नु परेकाले निस्सा प्राप्ती पची भएको अन्तिम फैसलाको अवस्था पत्ता लगाउन पछिल्ला वर्षका दो. पा. निवेदनबाट संभव हुने दखिएन। किनकी ती निवेदनमा निस्सा प्राप्त हुन र पुन अन्तिम फैसला हुन एक दुई वर्षमा संभव हुने सर्वोच्च अदालतको अभ्याबाट देखिएन। यसर्थ त्यस्तो फैसला हुन सम्भव हुने संभावना देखिने आ.व. २०७२/०७३को अभिलेखको अध्ययन गरियो।आ.व. २०७२।७३ मा दोहोऱ्याई पाउन निवेदन गर्ने नगर्ने सम्बन्धमा तत्कालिन पुनरावेदन सरकारी वकील कार्यालयबाटै टुंग्याउन सक्ने गरी अधिकार प्रत्यायोजन नभएको हुँदा दो.पा. गर्न वा नगर्न, पुनरावेदन गर्न नगर्न जस्तै गरी मस्यौदा प्रस्ताव पठाइने गरिन्थ्यो। वर्तमानमा दो.पा. नगर्ने अवस्थामा उच्च सरकारी वकील कार्यालयको स.न्या.व. लाई त्यंही

महान्यायाधिवक्ताको कार्यालय, नेपाल

निर्णय गरी टुङ्ग्याउने अधिकार प्रत्यायोजन भएको हुंदा दो.पा.[28] गर्ने अवस्थामा मात्रै यसरी मस्यौदा प्रस्ताव पठाउनु पर्छ । उक्त आ.व.मा उपरोक्त कारवाही भएका भनी कार्यालयका अभिलेखबाट प्राप्त गरिएका सम्पूर्ण मुद्दाहरुको विस्तृत विवरणलाई अनुसूची-१ मा समावेश गरिएको छ। सो विवरणका आधारमा निम्नानुसारको अवस्था देखिएको छ।

| | दोहोऱ्याई पाउन निवेदन गर्न\नगर्नलाई पेश भएकोमा निकासा कारवाही विवरण | | | पुनरावेदन कारवाहीलाई पेश तर दो.पा. निवेदन गर्ने निकासा | दो.पा. नगर्ने निकासा | जम्मा दो.पा. गर्ने निकासा संख्या | कारवाही जम्मा मुद्दा संख्या |
|---|---|---|---|---|---|---|---|
| | दो.पा. गर्ने पेश दो.पा. गर्ने | दो.पा. नगर्ने पेश तर दो.पा. | दो.पा. गर्ने पेश तर पुनरावेदन गर्ने | | | | |
| जम्मा मुद्दा | ३५७ | ४५९ | ३१ | गर्ने पेश ९<br>नगर्ने पेश ६<br>जम्मा १५ | ४ | ८३१ | ८६६ |
| प्रतिशत | ४२.९६ | ५५.२३ | ३.५८ | १.८१ | ०.४६ | ९५.९६ | १०० |

तालिका १

माथिको तालिकाबाट यस आ. व. मा पुनरावेदन सरकारी वकील कार्यालयबाट ३८८ मुद्दामा दो.पा. गर्न र ४६३ मुद्दाम दो.पा. नगर्न प्रस्ताव पाठाइएकोमा ३१ वटा मुद्दामा पुनरावेदन गरी बाँकी ८१६ मुद्दामा दो.पा. गर्ने निकासा भएको थियो भने ४ थान मुद्दामा दो. पा. नगर्न निकासा भएको थियो। यसैगरी पुनरावेदन गर्न प्रस्ताव भएका ९ र पुनरावेदन नगर्न प्रस्ताव भएका ६ गरी थप १५ मुद्दामा पनि दो.पा. गर्न निकाशा भई कूल ८३१ मुद्दामा दो.पा. गरिएको देखिन्छ

### २) आ. व. २०७२\७३ मा दोहर्याई पाउन भएका निवेदनमा निस्सा पाउनमा सफलता\असफलताको अवस्था

यस आ. व. मा दोहोऱ्याई पाउन निवेदन गरिएका अनुसूची-१ मा समाविष्ठ मुद्दा मध्येमा कुन कुन मुद्दाहरुमा निस्सा प्राप्त गर्न सफल भयो भएन भन्ने विस्तृत विवरण अनुसूची -२ मा दिइएको छ। उक्त विबरण अनुसार निवेदनमा निस्सा प्राप्त गर्नमा सफलता असफलताको अवस्था निम्नानुसार देखिन्छ।

[28] अधिकार प्र. निर्णय परिपत्र

महान्यायाधिवक्ताको कार्यालय, नेपाल

| वरण | दो.पा. गर्न पेश भै गर्न निकाशा भएकामा | | दो.पा.नगर्न पेश भएपनि गर्ने निकासा भएकामा | | पुनरावेदन कारवाहीमा पेश भएका तर दो.पा. निवेदन गर्न निकासा भएकामा | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| म्मा मुद्दा ख्या | ३५७ | १०० | ४५९ | १०० | १५ | १०० | ८३१ | १०० |
| स्सा भएको द्दा संख्या | ३०९ | ८६.५५ | ३८६ | ८४.१० | १३ | ८६.६७ | ७०८ | ८५.२० |
| स्सा एको मुद्दा ख्या | ४८ | १३.४५ | ७३ | १५.९० | २ | १३.३३ | १२३ | १४.८० |

तालिका २

माथीको तालिकामा पु.स.व.का बाट दो.पा. गर्न पेश भएका ३५७ मुद्दा मध्ये सबै मुद्दामा निवेदन भई; सो मध्ये ४८ थान मुद्दामा १३.४५% ले निस्सा भएको र पु.स.व.का.बाट दो. पा. निवेदन नगर्ने प्रस्ताव भएका ४६३ मुद्दा मध्ये ४५९ थान मुद्दामा निवेदन भएकोमा सो मध्ये ७३ मुद्दामा निस्सा प्राप्त भई १५.९०% ले सफलता प्राप्त भएको छ ।उक्त दुबै थरी गरी जम्मा ८३१ दो.पा. निवेदन मध्ये १२३ थानमा निस्सा प्राप्त भई १४.८०% सफलता प्राप्त भएको छ । पु. स. व. का. ले निवेदन गर्ने भनी प्रस्ताव गरेको भन्दा नगर्ने भनी प्रस्ताव भएका मुद्दामा निस्सा प्राप्तिको संख्या तथा प्रतिशत दुबै बढी रहेको पाइयो तर समग्र सफलताको दर भने कमै रहेको पाइयो ।

**३) आ. व. २०७२\७३ मा दोहर्याई पाउन भएका निवेदनमा निस्सा प्राप्त भए पश्चात अन्तिम फैशलामा सफलता असफलताको अवस्था**

महान्यायाधिवक्ताको कार्यालय, नेपाल

उक्त अनुसूची-१ मा समाविष्ठ यस आर्थिक वर्षमा दो.पा. निवेदन भइ निस्सा प्राप्त गर्न सफल भनी अनुसुची -२ मा देखिएका मुद्दाहरुमा निस्सा प्राप्ती पछाडीको अन्तिम फेशला हुंदा सफलता असफलताको अवस्थाको अध्ययन गर्ने प्रयास गरिएको भएतापनि महान्यायधिवक्ताको कार्यालय र सर्वोच्च अदालतमा समेत निस्सा प्राप्त भएका मुद्दाको कुनै तथ्याङ्क नरहने गरेको र दोहर्याई पाउने कारवाहीमा दिइने कोड RI मा निस्सा प्राप्ती पछाडी CR मा परिणत हुने भएतापनि कति नं भयो भनी अभीलेखमा जनाई राखीने नगरीएकाले मुद्दाको पहिचानमा समस्या रह्यो। निकै धेरै मिहनेत गर्दा र समय दिंदा पनी एक्कीन तथ्याङ्क पाउनमा समस्या देखिएको समेतका कारण यो तथ्याङ्क अध्ययन गर्न खोजिए पनि समस्या रहेकोले यो बिषयको अध्ययन छाडीएको छ।

( मुद्दाको पहिचान नै नभएको कारण तथ्याङ्क प्राप्त हुन बाँकी )

तालिका नं.३

**४) २०७६ श्रावणदेखि माघसम्मको दोहर्याई पाउन निवेदन गर्ने नगर्ने निकासा र निवेदन दायरीको अवस्था**

वर्तमानमा म. न्या. का. बाट निकासा नलिई दो.पा. नगर्ने निर्णय गरी त्यंहीबाट मुद्दा टुंग्याउन पाउने उच्च सरकारी वकील कार्यालयलाई अधिकार प्रत्यायोजन भई निर्णय निकासाको प्रकृतिमा फरक अभ्यास भएको, विकसित समयक्रममा अवकास तथा भर्नाका कारण संगठनको जनशक्तिमा परिवर्तन भएको, दरबन्दी बृद्धी भई जनशक्ति थप भएको र संगठनबाट क्षमता सुधार गर्न प्रदान गरिने तालिममा बृद्धी भएको समेतका कारण अध्ययनको बिषयमा हालको प्रवृतिका सम्बनधमा पनि अध्ययन हुंदा बान्छनीय देखिएकाले निर्णय प्रकृयाको प्रवृती समबन्धमा पछिल्लो समयको तथ्याङ्क तथा काम कारवाहीलाई आधार मानेर पनि अध्ययन गरिएको छ। यसका लागि चालु आ.व. २०७६/०७७ को अध्ययन कार्यदल गठन हुन भन्दा अगाडीका श्रावण देखी माघ सम्मको ७ महिनाको तथ्याङ्क अध्ययन गरिएको छ। सो तथ्याङ्क मध्ये उच्च सरकारी वकील कार्यालयबाट दो.पा. निवेदन नगर्ने गरी टुंग्याएको भनी प्राप्त विवरणलाई अनुसुची ४ मा समावेश गरीएको छ भने उच्च सरकारी वकील कार्यालयबाट दो.पा. निवेदन गर्ने गरी पठाएका प्रस्तावमा यस कार्यालयबाट कारवाही भएको मुद्दाहरुको विवरण अनुसुची -५ मा समावेश गरिएको छ। उपरोक्त दुबै कारवाहीको अवस्था निम्नानुसार रहेको पाईन्छ।

११. अनुसन्धानका समयमा प्रमाण संकलनको क्रममा ग्याप वा त्रुटी रहेकोमा उचित ध्यान नपुऱ्याइ द्वीबिधा निवारण नभई भएको अभियोजनको कमजोरी फैशला हुंदासम्म पनि स्वीकार गर्न नसक्दा सफलता प्राप्त गर्ने संभावना नभएपनि पुनरावेदन, दो.पा. निवेदन गर्ने प्रबृत्ति रहेका छन।

जस्तैः- कुनै एक पुरुषकी श्रीमती अर्कै पुरुषसंग दोस्रो विवाह भई गएपछि र ती पुर्व श्रीमतीले अर्कै पुरुषसंगको दोस्रो विवाह दर्ता समेत गरेपछि निज पहिलो श्रीमानले पनि अर्को विवाह गरेछन् । पूर्व श्रीमतीले आफुले अर्कैसंग गरेको दोस्रो विवाह नदेखाइ जाहेरी गरिन । पूर्व पती र निजको वर्तमान श्रीमती पक्राउ परे सोही बमोजिम पहिलो पत्निले अर्कै पुरुषसंग दोस्रो विवाह गरी गएकोले आफुहरुले विवाह गरेको भनी बयान गरे । अनुसन्धानका क्रममा पहिलो श्रीमतीको अर्कै पुरुषसंगको दोस्रो विवाह सम्बन्धमा नबुझी बहुबिवाहमा अभियोजन गरियो । थुनछेककै समयमा पहिलो श्रीमतीको दोस्रो विवाहको प्रमाण पत्र पेश भयो । दुवै साधारण तारेखमा छुटे जाहेरवालीले अदालतमा बकपत्र गर्दा आफुले अर्कै पुरुषसंग दोस्रो विवाह गरेपछी नै प्रतिवादीहरुले विवाह गरेका हुन तर आफै पट्टीका सन्तानलाई हेला होचा गर्लान भनि जाहेरी दिएको बकपत्र गरेको अवस्थामा शुरुबाट सफाइ, उच्चमा पुनरावेदन, उच्चबाट सफाइ पछि पनि पुन दो.पा. निवेदन गर्न प्रस्ताव प्राप्त भएको समेत पाईन्छ ।

१२. मुद्दाको शिर्षक हुने सजाय र विगोलाई ध्यान दिई सफलता पाउने कामा बिस्वस्त नभएपनि निवेदन हुने प्रवृत्तिमा रहेको । जसले गर्दा धेरै मुद्दामा असफलता प्राप्त भई एउटै मुद्दा तीन पटक हार्नेमा परि असफलता धेरै देखाउने हुन्छ

१३. सरकारका दो.पा.का निवेदनमा सफलताको दर असाध्यै कम रहेकोले ब्यक्तिका तर्फबाट दायर हुने निवेदनमा जतिपनि सरकारको निवेदनमा निस्सा प्राप्त हुन सकेको नापाईएको

**घ) दो. पा. निर्णयको निर्णयधार, निवेदनको गुणस्तरको अवस्था सम्बन्धमा**

१. दो.पा. गर्ने नगर्ने सम्बन्धी निर्णय गर्दा निर्णयमा पर्याप्त आधार कराण नखुल्ने तथा गोलमटोल (गोश्वारा) रुपमा खुलाइने प्रवृत्तिको अझै विद्यमानता रहेको पाइयो।

२. निर्णयमा आधार कारण खुलेको भए पनि सो कुरा सोही किसिमले निवेदनमा परेको हुदैन। निवेदन ड्राफ्टीङ्ग quality मा समस्या छ।

३. दो. पा. र पुनरावेदन दुई फरक अवधारणा र क्षेत्राधिकारका भएकाले सो भेद छुट्टिने गरी फरक किसिमले दो. पा. निवेदन तयार गर्नमा अझै समस्या रहेको । पुनरावेदन पत्रका शैलीमा धेरै जसो दो.पा. निवेदनहरू भएका र शिर ब्यहोरा एवं बिषय सम्म फरक भएपनि पुनरावेदन पत्र संग समान आधार र ढाँचामा दो.पा.का निवेदन पेश तथा दर्ता हुने गरेको पाइयो।

४. उच्च सरकारी वकील कार्यालयबाट दोहोऱ्याई पाउन प्रस्ताव गरि निवेदन पठाउँदा न्याय प्रशासन ऐनको दफा १२ ले परिकल्पना गरेको आधारलाई ध्यान दिई सोही त्रुटीहरु उजागर गरी निवेदन गर्ने भन्दा पनि उच्च अदालतमा पुनरावेदन गर्दा देखाईएका आधारलाई नै उल्लेख गरि दोहोऱ्याई पाउन निवेदन मस्यौदा पठाउने गरेको देखिन्छ ।

५. उपरोक्त निवेदन र उच्च सरकारी वकील कार्यालयमा कार्यरत सरकारी वकिलको बिवरण, अनुभव र योग्यता हेर्दा निवेदन पुनरावेदनको काम कारवाहीमा सरकारी वकीलले महत्व नदिएको, उचित ध्यान नपुऱ्याई फाँटवालाहरुबाट तयार गरी पेश भए बमोजिम सही गरी पठाए जस्तो पाईन्छ ।

६. महान्यायाधिवक्ताको कार्यालयबाट पानि न्याय प्रशासन ऐनको दफा १२ को व्यवस्था नहेरी प्राय उच्च सरकारी वकील कार्यालयबाट प्राप्त प्रस्ताव बमोजिम नै दो.पा. निवेदन गर्ने गरिएको पाईन्छ । निम्न कारण त्यस्तो हुने गर्दछ।

क) सर्वोच्चमा निवेदन दिएपछि अवगाल आउँदैन भन्ने भावनाको विकास ।

महान्यायाधिवक्ताको कार्यालय, नेपाल

ख) निवेदन\पुनरावेदन गर्ने गरी प्राप्त मिसिलमा निवेदन\पुनरावेदन गर्दा धेरै अध्ययन तथा तर्क मिहेनत गर्न नपर्ने तर निवेदन\पुनरावेदन नगर्ने गर्दा मिसिल राम्रोसँग अध्ययन गरी समय दिई तर्क सहित खण्डन लेख्ने मेहनत गर्ने पर्ने हुँदा सजिलो संग काम सक्ने प्रवृत्तिका कारण निवेदन नगर्ने भन्दा गर्ने नै हुने गरेको ।

७। दो.पा. निवेदन गर्ने निर्णय गर्दा न्याय प्रशासन ऐनको दफा १२ को कुन खण्डको कुन अवस्था यो यसरी देखियो भनि पुष्ट्याई सहित निर्णय हुने परिपाटी कम मुद्दामा मात्रै देखिने गरेको । जसका कारण यो निर्णयले निवेदन मस्यौदा गर्न तथा बहस गर्नका लागि सहयोग पुर्याउन नसक्नाका साथै, निवेदेनको औचित्य पुष्टी गर्न नसकेको पाईयो।

८.एउटै मुद्दामा पटक पटक फैसला भई कारवाही गर्नु परेकामा पछिल्लो कारवाही गर्दा अघिल्लो कारवाहीको विवरण र कागजात नहेरी तथा मिसिल संलग्न नगरी कारवाही (दो.पा) का लागि प्राप्त हुने र हदम्याद इत्यादीका कारण सो कागजको खोजी पूरा नहुँदै नबुझीकनै निवेदन गर्नु पर्ने बाध्यता रहने गरेको छ।

९.एउटै मुद्दामा पटक पटक कारवाही हुंदा मुख्य तथा प्रमाणबाट बढी गढाउ प्रतिवादीका हकमा पहिला गरिएको कारबाहीमा दो.पा. नगर्ने निकाशा भई सकेको वा दो.पा. गरेर पनि सर्वोच्च अदालतबाट निस्सा नभएको वा निस्सा भएपनि फैसला हुंदा असफल भैसके तापनि सोका विपरित पछी पक्राउ वा उपस्थित समान वा अन्य कम गढाउ प्रमाण रहेका प्रतिवादीका उपर पुन दो.पा. निवेदन गर्ने गरिएको ।

**ङ) मुद्दा शिर्षक तथा विषयबस्तुसँग सम्बन्धित प्रवृत्तिहरु**

जबरजस्ती करणी, मानव बेचबिखन ओसार पसार र लागु औषध जस्ता मुद्दाहरुमा उच्च सरकारी वकील कार्यालयबाट बढी मात्रामा दो.पा. निवेदन गर्न प्रस्तावहरु प्राप्त हुने गरेको पाइन्छ र म. न्या. का. बाट पनि सोही बमोजिम निवेदन हुने गरेको पाइन्छ।

**अ) जबरजस्ती करणी मुद्दाः-** ज.क सम्बन्धी मुद्दामा परीक्षण प्रतिवेदन, प्रतिकुल बकपत्र, उमेर विवाद, थप सजाय दावी नपुगेको र उद्योगलाई आसयमा परिणत हुने जस्ता कारणबाट असफलता प्राप्त भएका मुद्दाहरुको बाहुल्यता रहेको पाइन्छ ।

१. ज.क सम्बन्धी मुद्दामा परीक्षण प्रतिवेदनमा Redness, Tenderness, Hymen, Rupture, tear इत्यादी नलेखिएका अवस्थामा प्रतिवादीले अदालतमा स्वीकार गरेको अवस्था बाहेक पछिल्ला दिनहरुमा मातहत अदालतबाट कसूर ठहर हुन त्यती सकेको पाइदैन ।

महान्यायाधिवक्ताको कार्यालय, नेपाल

२. ज.क सम्बन्धी मुद्दामा स.अ. बाट ज. क. हुनलाई यौनीमा घाउ लाग्नु तथा यौनी झिल्ली च्यातीनै पर्ने नहुने;[30] पीडित नावालिका भएको अवस्थामा यौनीमा लिङ्ग नछोइ पनि यौन आनन्द प्राप्त गरेमा ज.क. हुने[31] र पीडित नै ज.क. को ..... प्रमाण हो[32] भन्ने मुख्यत तिन प्रकारका पुराना नजिरहरु छन। प्रमाणका उपरोक्त अवस्थामा दावि गरी उक्त नजिरका आधारमा दो.पा. निवेदन हुने गरेको भए पनि सफलतामा समस्या छ।

३. पीडितको प्रतिकुल बकपत्र भएको अवस्थामा पछिल्ला समयहरुमा धेरैजसो मुद्दामा मातहत अदालतबाट कसूर नठहर्ने नै फैसला भई आएको पाइन्छ । पीडितले प्रतिकुल बकपत्र गरे पनि अन्य प्रमाण हेरी कसुर ठहर हुन सक्ने भन्ने नजिहरु विद्यमान हुँदा सोही आधारमा धेरै निवेदनहरु रहेका छन । तर स्वास्थ्य परीक्षण तथा अन्य प्रमाणबाट वारदात पुष्टी भएको अवस्थाको प्रतिकुल बकपत्रमा मात्रै सो नजिर आकर्षित हुनेमा सबै प्रतिकुल बकपत्रमा (अन्य प्रमाणले प्रतिकुल बकपत्र नै सही हो भनी देखिने अवस्थामा पनि) सोही नजिर देखाइ दो.पा. निवेदन पठाउने गरेको पाइने । निवेदन हुने गरेको पाइने तर सफलतामा समस्या हुने।

४. पीडित तथा प्रतिवादीको उमेर विवादमा तत्कालिन बाल न्याय कार्यविधि नियमावली र हालको बालबालिका ऐन २०७५ तथा स.अ.ले सो कानुनी ब्यवस्थाको व्याख्या गरी प्रतिपादित नजिरलाई[33] आधार मान्नु पर्नेमा यदाकदा मातहत अदालतबाट यस मापदण्डबाट बाहिर गई अन्य प्रमाण नबुझी तल्लो क्रमको उमेर परीक्षणलाई ग्राह्य प्रमाण मान्ने दावी असफल भएको अवस्थामा हाम्रा जिल्ला वा उच्च सरकारी वकील कार्यालयबाट पहिला क्रमका प्रमाणको खोजी नगरी वा ती दावी भएको तर परिक्षणका क्रममा स्थापित नभए पश्चात पनि सोलाई नै आधार मानी दो.पा. पठाउने गरेकोले सफलतामा समस्या रहेको छ ।

५. थप सजाय दावी गर्दा सो थप सजाय हुने परिस्थिती प्रमाणबाट पुष्टी भएको हुनुपर्छ हामीले थप सजायको दावी यथेष्ट भौतिक प्रमाण भन्दा पनि मौखिक प्रमाणका आधारमा मात्र गरिने प्रचलन अली बढी नै पाइन्छ । यस्तोमा दावी ठहर नहुँदा पनि पुन पुनरावेदन, दो.पा निवेदन सम्म गर्ने परीपाटी छ तर सफलतामा समस्या छ।

जस्तैः- पीडितलाई अपाङ्ग भनिन्छ तर अपाङ्ग परिचयपत्र हुँदैन । सामुहिक ज.क.मा दावी हुन्छ तर करणी कार्य एक जनाबाट मात्र भएको हुन्छ अन्य प्रतिवादी मतियार मात्रै हुन्छन्, इत्यादी

[30] ने. का. प.  नि. नं.

[31] ने. का. प.  नि. नं.

[32] ने. का. प.  नि. नं.

[33] ने. का. प.  नि. नं.

७.   करणीको उद्योग र आशय करणी कार्यमा कन्फ्युजनकै अवस्थामा अभियोजन हुन्छ । परीक्षणका क्रममा प्रमाणको ग्राह्यतामा तलमाथी पार्दा असफल भएपछि पनि अभियोजनको कन्फ्युजन दोहोऱ्याउँदै पुनः पुनरावेदन, दो.पा. सम्म हुने गरेको । यसमा मुर्त मापदण्ड निर्धारण सम्भव छैन । मुद्दा अनुसार सजग हुनु पर्ने ।

**आ) लागु औषध मुद्दाः-** लागू औषध मुद्दामा कसूरको परिभाषा, बरामद परिमाण, बरामदी मुचुल्काको वैधानिकता, थप सजाय, जफत इत्यादि दावी सफलतामा समस्या पाइन्छ । त्यस्तै लागु औषध विक्री वितरण दावी भएकोमा सेवन ठहरी विक्री वितरण नठहरेकाले दो.पा. सम्म आउने धेरै भएपनि सफलता कम छ

१. लागू औषध सम्बन्धमा कानूनमा उत्पादन, ओसार-पसार, संचय, निकासी, पैठारी, सेवन र बिक्री वितरण, मतियार, नक्कली कारोबार गरी विविध प्रकारका कसूरको व्यवस्था प्राय सबै वर्गका लागु औषध (गाँजा, अन्य लागु औषध र मनोदिपक पदार्थ) मा भएको पाइन्छ । तर अदालती अभ्यासबाट सेवनका अवस्थामा ओसार पसार, संचय एवम् पैठारी जस्ता कसूरलाई महत्व नदिई केवल सेवन र बिक्री वितरण कारोबार कसूरमात्रै कायम गरी फैसला हुँदै आएको छ तर निवेदन गर्दा सफलता हुँदैन ।

२. खासगरी गाँजा र अफिम तथा कोकिन जन्य लागु औषधमा बरामद परिमाणका आधारमा सजायको व्यवस्था भएतापनि गाँजामा भएको व्यवस्थामा परिमाणको तह धेरैवटा र बढी व्यवहारिक हुँदा मुर्त भई त्यती समस्या छैन । अन्य ( अफिम\कोका) लागू औषधमा परिमाणात्मक सजायको जम्मा तिन तह रहेको र प्रचलन व्यवहारिक नभई बढी फराकिलो परिमाणात्मक तह हुँदा तथा मनोदिपक पदार्थमा यस्तो परिमाणात्मक कुनै तह नै नहुँदा प्रयोगमा विविधता र पार्दशिता अभाव छ ।साथै मातहत अदालतबाट अन्य कसूरको दावीलाई परिमाणकै आधार देखाइ सेवान कसुर कायम गर्ने परीपाटी रहेको तर यस्तो परिमाण कती भनि कुनै कानुनि आधार नभएको र एक दुइ डोजसम्म राखेको सेवनका लागि मनासिव[34] भन्ने सर्वोच्चको नजिर हुँदा दो.पा. निवेदन गर्नु पर्ने सैद्वान्तिक आधारको विद्यमानता रहने तर दो.पा. गर्दा निस्सा चाही नपाउने र निस्सा नपाउँदा कुनै आधार कारण एवं व्याख्या नहुने हुँदा पुरानो नजिर बाहेक गर्ने नयाँ नजिर पनि नुहुँदा समस्या रहेको नीतिगत रुपमै निरुपण हुनुपर्ने ।

३. लागु औषध कसुरमा प्रयोग भएको भनि सवारी साधन तथा अन्य बरामद बस्तुको जफतको दावी अत्याधिक हुने/ बरामद पनि त्यसै बमोजिम हुने र Innocent party को बस्तु तथा सवारी साधनको प्रयोग इत्यादी सम्बन्धमा अभियोजनकै चरणमा आधिकारिक प्रमाण संलग्न गरि स्पष्टता पश्चात यथार्थ दावी हुनु

[34] ने का प

पर्नेमा अभियोजनका क्रममा गरिएका कमजोरिका कारण ठहर हुन नसकेको जफत दावी उपर पुनरावेदन, दो.पा. निवेदन सिद्धान्तत कानुनि त्रुटी भै निवेदन गर्न उपयुक्त देखिएता पनि सफलता प्राप्त गर्नमा समस्या रहेको पाइन्छ ।

४. पटकेको दावी र नक्कली कारोबारको दावी मा पनि अभियोजनको क्रममा त्रुटिका प्रचलन बढी पाइन्छ । जस्तैः- नक्कली कारोबार भइसकेपछी कसूर हुनेमा कारोवार हुन नपाउँदैको अवस्थामा पनि यो दावी हुने गरेको। यस्तै पहिलाको कसूरको कारबाहीमा अदालतबाट छुटे पछि गरेको थप वा नयाँ कसूरको अवस्थामा मात्र पटकेको थप संजाय दावी हुनुपर्नेमा एकै चोटी ३/४ वटा वारदातमा संलग्न भनि सँग सँगै अभियोग लगी पटकेमा दावी गरिने परीपाटी रहेकोछन। तर यस्तैमा पनि अदालतबाट धेरै मुद्दामा थप सजाय ठहर भएको कारण अभियोजनमा गल्ति भएको महसुस नहुने बरु दावी नलींदा गल्ति हुने महसुस गरेको पाइने। जसका कारण केहि मुद्दामा यस्तो थप दावी नपुगे पनि पुनरावेदन, दो.पा. सम्म गरिने तर सफलताका लागि समस्या देखिन्छ ।

**ए. मानव बेचबिखन तथा ओसार-पसार मुद्दाः-** मानव बेचबिखन तथा ओसार-पसार मुद्दामा एकिकृत कसूर नठहरीने, ओसार-पसारको कसूरमा पनि उद्योग ठहर्ने, प्रतिकुल बकपत्रलाई प्रमाणमा लिई दावी नपुग्ने, दावीको कसूर ठहर भएता पनि सजायको दावी नपुगी अर्कै वा तल्लो सजाय हुने, मुख्य दावी ठहरेर पनि क्षतीपूर्ती\ नैतिक पतनका दावीमा नबोलिने जस्ता समस्याहरु रहेको पाइन्छ ।

१. बेचबिखन र ओसार पसार कसुरमा एउटै मानिस संलग्न भएमा दुवै कसुरका सजाय खापिई एकिकृत संजाय कार्यान्वयन गर्नुपर्ने साबिकै देखिको बिशिष्ठ कानूनी व्यवस्था रहेकाले अभियोग दावी सोहि अनुरुप हुने तर अदालतबाट कहिले काँही ठुलो कसूर मात्र (बेचबिखन) ठहर गरी ओसार पसारको (सानो) कसूर त्यसैमा पर्ने भनि ठहर नगर्ने वा दुबै कसुर ठहर गरिए पनि दुबै सजाय ठहर नगर्ने वा फैसलामा संजाय कार्यान्वयनका सम्बन्धमा केही नबोल्ने गरेको पाइन्छ । कानूनी त्रुटी हो तर पुनारावेदन दो.पा. मा सफलता प्राप्त हुनुमा समस्या छ ।

२. ओसार पसार आफैमा एक स्वतन्त्र कसूर हो । जुन आफै अपूर्ण प्रकृतीको पनि हुँदा यसमा उद्योग हुन सक्ने देखिँदैन । की ठहर की सफाई प्रमाणका आधारमा हुनु पर्ने तर कतीपय फैसलामा यो कसूरको पनि उद्योग ठहर हुन्छ । कानूनी त्रुटी हो तर पुनरावेदन दो.पा. बाट सफलता प्राप्त हुनमा समस्या छ ।

३. यो मानव बेचबिखन तथा ओसार पसारको मुद्दामा अनुसन्धानका क्रममा पीडितको बयान प्रमाणित हुने र बकपत्रमा उपस्थित नभए पनि प्रमाण ग्राह्य हुने कानून र प्रमाणित बयानको प्रतिकुल पिडितले अदालतमा बकपत्र गरेपनि प्रमाण ग्राह्य नहुने भन्ने नजिर छन।[35] तर व्यवहारमा मातहतका अदालतबाट धेरै फैसलामा पीडितको प्रतिकुल बकपत्रलाई देखाई दावी नठहर्ने भएका छन् । प्रमाणको प्रयाप्तता भएका मुद्दामा यो स्पष्ट कानूनी त्रुटी हो । यही आधारमा धेरै मुद्दा पुनरावेदन/दो.पा. भएतापनि सफल हुन समस्या छ ।

४. यस ऐनमा एउटै कसूरमा पनि कसूर घटाउन पछाडीको उद्देश्यका आधारमा फरक फरक सजाय हुने कानूनी व्यवस्था हुँदा कसूर ठहर भएपनि दाविको सजाय नठहरी कम सजाय ठहर हुने प्रसस्त पाइन्छ। खासगरी उद्देश्य पुष्टी गर्ने कुरा ज्यादै कठीन रहेको र अनुसन्धान हुँदा मौखिक प्रमाण मै ज्यादा भर पर्नु पर्ने हुँदा एकातर्फ समसया छ भने अर्कोतर्फ उद्देश्यका आधारमा एउटै कार्य (कसुर) उपरको सजायमा ठुलो अन्तर हुँदा अदालतबाट उद्देश्य पुष्टी हुने प्रत्यक्ष एवं परिस्थिती जन्य प्रमाणको नजरअन्दाज गर्दै सानो सजाय ठहर गर्ने हुंदा असफलताको समस्या छ ।पुनरावेदन दो. पा. बाट पनि सफलतामा समस्या छ।

५. मानव बेचबिखन तथा ओसार पसारको कसुरमा प्रतिवादीलाई जरिवाना सजाय भएको अवस्थामा मात्रै पिडीतले क्षतिपूर्ति पाउने देखिन्छ ।जरिवाना संजाय अनिवार्य नभई तजबिजिमा हुने कानुनि ब्यवस्था समेतका कारण अदालतबाट कतिपयमा मौन रहने र कतिपयमा जरिवाना नै नगर्ने हुँदा समस्या रहेको।जरिवाना नहुंदा वा फैसला मौन रहे पनि दावि नपुगेको र कानुनी त्रुटी पनि हो तर दो. पा. भएपनि सफलता प्राप्त हुनमा समस्या रहेको छ।

६) मानव बेचबिखन तथा ओसार पसारको कसुरमा दावी भएका कतिपयमा मुद्दामा नैतिक पतन सम्बन्धमा अभियोग दावी नै नहुने र अभियोगमा नैतिक पतनको पनि दावी हुनेमा अदालतबाट नबोलिने एवं ठहर नहुने समस्या रहेको छ ।

**४. अन्य मुद्दाः-**

१. चोरी ठगी जस्ता मुद्दामा धेरै मानिसहरु एकै वारदात वा एकै प्रकृतीको वारदातबाट पीडित भइ जाहेरी गरेको अवस्थामा एउटै जाहेरी दरखास्तका केही मानिसले बकपत्र गरेको र केही मानिसले बपकत्र नगरेको अवस्थामा मानिस छुट्टयाई बकपत्र नगर्नेको ठहर नहुने समस्या छ । यसमा दो.पा. गर्ने गरिएको तर सफलतामा समस्या छ ।

[35] ने. का. पा.

महान्यायाधिवक्ताको कार्यालय, नेपाल

२. किर्ते कसूरमा किर्ते कागजात प्रयोग गर्ने वा लाभ लिने कसूरदार हुने कानून[36] र नजिर[37] भएतापनि प्रतिवादीले तेस्रो व्यक्ति छ भन्ने तर स्पष्ट नामथर र वतन नखुलाउने गर्छन । यस्तो अस्तित्व प्रमाणित हुन नसकेको मानिसलाई अभियोग नलगाउन पनि सकिएको छैन।यो साँचै हो की होइन तर फैशला हुंदा त्यो प्रतिवादीले अपुष्ट पोल गरेको मानिसको अस्तित्व चाँही वादीले खोजी पक्राउ गर्न नसकेको भनि किर्ते कार्यको दायित्व त्यस्तो काल्पनिक मानिसको देखाइ किर्ते कागज बरामद भएको तथा प्रयोग कर्तालाई दायित्व नहुने वा कम हुने गरेको पाइन्छ । जुन स्पस्ट कानून नजिरको त्रुटी भएतापनि सफलता प्राप्त गर्न समस्या छ।

**छ) बिविध**

**१. अदालतको दृष्टीकोण उदासिनः-** सफलता प्राप्त गर्ने सम्भावना नभए पनि दो.पा.का निवेदन गर्ने हाम्रो प्रवृत्ति भएकाले नेपाल सरकारको दो.पा.मा अदालत पनि उदासिन रहने र सरकारको निवेदन भएको मुद्दाको फैसलामा कानूनी त्रुटी तथा नजिर प्रयोग पालनामा त्रुटी भएको एथेष्ट आधार हुनाको साथै दावीको कसूर ठहर हुने प्रमाणको विद्यमानता भएका मुद्दामा समेत अदालतबाट कम आँकलन गरी निस्सै नदिने समेत प्रवृत्ति पनि देखिन्छ ।

खासगरी यस्तो प्रवृति हामीले सबै भन्दा माथिल्लो कसूर सजाय दावी गर्ने, तथ्य प्रमाण मध्यम कसूर सजाय मिल्दो हुने तर अदालतबाट त्यो भन्दा पनि तल्लो कसूर सजाय ठहर भएको प्रकृतीको मुद्दामा बढी देखिन्छ । यस्तोमा ईजलाशबाट

- मातहत अदालतबाट केही न केही सजाय भएकै छ ।
- तपाईहरुको दावी पनि त पुष्टी हुने प्रमाणको अभाव छ, भन्ने गरेको पाइन्छ ।

**उदाहरण** जस्तै एउटा ज्यान ज्यान मुद्दामा नयाँ अपराध संहिताको दफा १७७ को कसुरको दावी गरिएको प्रतिवादी मौका र अदालतमा दफा १७८ को कसुरमा सबित रहनुका साथै अन्य भौतिक प्रमाण पनि सो मिल्दो रहेकामा सुरु र उच्च अदालतबाट प्रतिवादीको ज्यान मार्ने मनसाय नभएको निर्णयधार लिई दफा १८२ को कसुर ठहर भएकोमा फैशलामा दफा १७७, १७८ तथा १८२ को ब्याख्याको प्रस्न रहेको मुद्दाको दो. पा. निवेदनमा कानुन अनुसार निस्सा हुनुपर्ने आधार देखीए पनि निस्सा नभएको[38] पाइन्छ।

---

36 दफा

37 ने. का. प.

38 0..-ri- .... फैसला मिति ........

**२. फरक फरक बेञ्चको फरक फरक दृष्टीकोणः-** दो.पा.मा सुनुवाई गर्ने तथा निस्सा दिने सम्बन्धमा स.अ.का न्यायाधिशको दृष्टिकोण पनि फरक फरक पाइन्छ। जसकारण उस्तै मुद्दामा निस्सा पाएको हुंदा दो.पा. गर्नुपर्ने देखिने र गरिने तर पछि सफलता पाउनमा समस्या छ। जस्तै sting operation का मुद्दामा भएका फरक फरक आदेश

**३. निवेदन पुनरावेदनमा दावीको आंसिक त्याग वा परिवर्तनमा समस्याः-** धेरै जना उपर अभियोग भएको अवस्थामा फैसलाबाट दावी नपुग्ने ठहर हुँदा केही प्रतिवादीको हकमा प्रमाणका आधारमा फैसला सही तथा केही प्रतिवादीको हकमा मात्रै त्रुटीपूर्ण भएको अवस्थामा पनि सबैको हकमा निवेदन पुनरावेदन गर्नु पर्ने हुँदा सफलतामा समस्या ।

**४. अनुगमन, मुल्याङ्कन र समिक्षाको अवस्थाः-**

१. दोहोर्याई पाउने काम गर्ने नगर्ने दुबै कार्य केहीअगाडीसम्म महान्यायधीवक्ताको कार्यालयको निर्णय निकासा बमोजिम मात्र हुने र यो कार्यालय संगठनको सबै भन्दा माथिल्लो तह भएको हुंदा यसको काममा अनुगमन निरिक्षण नहुने र दो. पा. सम्बन्धी कामलाई नियमित तथा सामयिक रुपमा यो कार्यालय आंफैबाट पनि समिक्षा मुल्लयाङ्कन हुने प्रणालीको अभाव रहेको

२. हाल अधिकार प्रत्यायोजन भई यो दोहोर्याई पाउने काम नगर्ने कार्यमा उच्च सरकारि वकील कार्यालयको पनि संलग्नता रहने गरेको भएतापनि महान्यायधिवक्ताको कार्यालयबाट उच्च सरकारी वकिल कार्यालयको सो कार्यको प्राभावकारी अनुगमन हुन नसक्नाको साथै म. न्या. का. को दो. पा. सम्बन्धी आफ्नै का कार्यमा समेत समिक्षा, एकरुपताको अभाव भइ स्तरिय अभ्यास, निती वा मापदण्ड बिकास हुन नसकेकाले उच्चलाई निर्देशन, नियन्त्रण र समन्वय सम्बन्धमा प्रभावकारी काम कार्यको छ।

**ज) अध्ययनबाट देखा परेका शाझा समस्याहरुः-**

उपरोक्त दो. पा. सम्बन्धी काम कारवाहीको अवस्था तथा प्रबृत्तीबाट सरकारी वकिलको ब्यवसायिकता, ख्याति र राज्यको न्याय प्रणालि प्रतिको आस्थामा केहि समस्या उत्पन्न भएका छन भने नेपाल सरकारवादी फौजदारी मुद्दामा दोहर्याई पाउने सम्बन्धि काम कारवाहीको प्रभावकारिताका लागि पनि केही समस्याहरु रहेका छन। त्यसता मुख्य समस्याहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ।

१. एउटै मुद्दामा तिन पटकसम्म असफल भई असफलताको दर बढी रहेको हुंदा सरकारी वकिलको प्रतिष्ठा तथा न्याय ब्यवस्था प्रतिको जन आस्थामा ह्रास आएको

२. औचित्यका आधारमा मात्र दो. पा. गर्ने गरी निर्णय गर्नमा हिच्किचाहाट रहेका कारण परिणामका लागि भन्दा औपचारिकताका लागि दो. पा. को कारवाही गर्ने प्रबृत्तीले यो काममा सरकारी वकिलको शृजनात्मकता प्रयोग हुन नसक्नाका साथै स्वतन्त्र निर्णय क्षमतामा र सो बाट उत्पन्न जिम्मेवारी बहन गर्ने शाहासमा कमी रहेको

३. दो. पा. निवेदन गर्न नपर्ने मुद्दामा दो. पा. गर्ने निर्णय हुंदा ठोस तथा औचित्यपुर्ण निर्णयाधार उल्लेख गर्न नसकिएकाले निवेदनमा नजिर कानुनको त्रुटी उल्लेख वासतविकताका लागी भन्दा औपचारिकताका लागी हुने गरेको

४. दो. पा. कारवाहीको निर्णय तथा निवेदन मस्यौदाको काम कारवाही प्राथमिकतामा पर्न नसक्दा यस सम्बन्धमा छलफल अन्तरकृयामा अभाव भएका कारण कार्यालयको स्पष्ट शाझा धारणा बिकास हुनमा र निर्देशन हुनमा समस्या

५. सरकारी वकिलका मुल्याङ्कनका लागी यस्ता काम आधार बनाउने परिपाटी बन्न नसकेको

६. सरकारी वकिलको तालिममा यस्ता ब्यवहारिक बिषयमा छलफल अभ्यास बिधिको अवलम्वन गर्ने भन्दा शैदान्तिक बिषयका पावर प्वाइन्ट प्रस्तुतीले महत्व पाउने गरेको

७. अनुसन्धानका क्रममा भएको प्रमाणको सुरक्षा तथा प्राप्ती सम्बन्धी समस्या र अभियोजनका क्रममा भएको प्रमाणको भार, प्रमाणको ग्राह्यता, प्रमाणको जोखिम मुल्याङकन सम्बन्धमा भएका कमी कमजोरीको उजगार नभई ढाकछोप हुन गएको कारण त्यस्ता कमजोरीका सम्बन्धमा भबिष्यमा हुन सक्ने सुधारको संभावनालाई पनि बाधा पुर्याएको

८. दो. पा. निवेदन गरेपछी फेसला हुंदा प्राप्त भै रहेको लगातरको ठुलो असफलतालाई सामान्य रुपमा लिने र बिर्सने प्रबृत्ती रहेको Post Evaluation को अभाव रहेकोले वास्तविक वारदातका पिडीतले न्याय प्राप्तिमा समस्या यथावत रही न्याय र राज्य प्रतिको आस्थामा कमी आई उल्टो निराशा र आक्रोस बढ्न सक्ने देखिएको

९. दो. पा. गर्नु पर्ने मुद्दालाई पुनरावेदन गर्ने भनि प्रस्ताव आउँदा पुनरावेदनका लागि बढी म्याद हुँदा सोही बमोजिम अलमलले मिसिल पठाउन वा कारबाहीलका लागि प्राप्त हुन, निर्णय निकासा हुन ढीला हुने हुँदा महान्यायाधिवक्ताको कार्यालयबाट राम्रोसँग हेरीई सच्चिँदा पनि म्याद सम्बन्धी समस्या हुने अवस्था देखिन्छ ।

१०. दो. पा. निवेदनमा देखीएको ठुलो मात्राको असफलताबाट अनावस्यक काम गर्नुपरी अनावस्यक श्रोत, शाधन र समय खर्च हुने हुंदा निम्नानुसारका थप परिणामहरु भोग्नु पर्ने

अ. कार्यालयको साधनश्रोत र जनशक्तिको समय अनुपलब्धिमूलक कार्यमा खर्च हुने ।

आ. आवस्यक नभएको तथा सफल नहुने काममा संलग्न हुनु पर्दा सार्थक र जटिल मुद्दाको बहसमा पर्याप्त समय एवं तयारी नपुग्ने ।

इ. धेरै संख्यामा निवेदन गर्नु पर्दा सो कार्यमा संलग्न जनशक्तिलाई औचित्य भएका र जटिल मुद्दाको निवेदन मस्यौदा गर्दा समयाभावले पर्याप्त नजिर र दृष्टान्त राख्नमा समस्या रहने।

ई. निवेदनको बहसमा सरकारी वकीलले राख्ने तर्क वा जिकिरको अभाव हुने।

उ. मस्यौदाको तयारी र रुजू गर्दा प्रिन्टर, फोटोकपी, नेपाली कागज, टोनरजस्ता मसलन्द सामानको अपव्यय भइरहने ।

ऊ. कार्यालयमा अनावश्यक अभिलेखको सञ्चिती हुने ।

ए. धेरै मुद्दामा एकै पटक संलग्न परी कार्यबोझ बढ्दा म्याद जोगाउने चुनौति हुने ।

महान्यायाधिवक्ताको कार्यालय, नेपाल

# परिच्छेद ५

## निस्कर्ष र सुझाव

बिवादको न्यायिक निरोपणका लागी मुद्दाका रुपमा कुन अदालतबाट सुनुवाइ गर्ने भनि कानुनले नै क्षेत्राधिकार तोकी सक्षम अदालत स्थापना गरेको हुन्छ। त्यस्तो सक्षम अदालतबाट भएको फैसला चित्त नबुझेमा सो फैसला पुन अर्को सक्षम अदालतबाट न्यायीक पुनर्बिचार गरी पाउने स्वच्छ सुनुवाईको अधिकार मुद्दाको पक्षलाई भएको पाईन्छ ।यो अधिकारलाई पुनरावेदनको अधिकार र अदालतको क्षेत्राधिकारलाई पुनरावदकीय क्षेत्राधिकार भनिन्छ। सामान्यत पुनरावेदनको तहबाट फैसला भैसकेपछी सो बिवादको त्यंही नै न्यायिक समाधान हुन्छ, अदालतको फैशला सबैले मान्नु पर्छ र सो बिवाद कंही कतै उठाउन पाईंदैन।

उपरोक्त बमोजिम शिद्दान्तत २ तह अदालतबाट बिवाद समाधान हुने मान्यता रहेपनि देशको न्याय प्रणली तथा ब्यवस्था अनुसार देशभरिका शुरु तथा पुनरावेदन सुन्ने अदालतहरुको प्रशासन सुपरिवेक्षण गर्न, ती अदालतहरुबाट भएका न्यायीक काम कारवहीमा एकरुपता कायम गर्न एवं नागरिकका अधिकार रक्षा गरी स्वतन्त्र न्यायपालिका र बिधी (कानुन)को शासन कायम गर्नका लागी उपरोक्त दुई तह अदालतको समेत सुपरिवेक्षण युक्त क्षेत्राधिकार सहित सर्वोच्च अदालतको ब्यवस्था भएको पाईन्छ। सर्वोच्च अदालतलाई न्यायका लागि सबै अदालतका आदेश फैसला एवं कार्यपालिकाका सबै निर्णय र ब्यवस्थापिका निर्मित कानुनको संबैधानिकता परिक्षण गर्ने क्षेत्राधिकार रहन्छ। मातहत अदालतका फैसलाको सर्बोच्च अदालतले परिक्षण गर्नका लागि पुनरावेदन, साधक र दोहोर्याई पाउने गरी सामान्यत तीन किसिमका क्षेत्राधिकार रहने भनि हाम्रो संबिधान र न्याय प्रशासन ऐन २०७३ को दफा ९, १० र १२ ले प्रदान गरेको छ। गम्भिर प्रकृतिका मुद्दा सर्बोच्च अदालतबाट पनि सुनुवाई हुंदा न्याय अझै परिपक्क हुने हुंदा सर्बोच्च अदालतलाई यस्तो क्षेत्राधिकार बाञ्छनिय हुन्छ भन्ने मान्यतामा शाधक र पुनरावेदनको क्षेत्राधिकार रहेको पाईन्छ ।दोहोर्याई पाउने क्षेत्राधिकार भने पुनरावेदन सुन्ने अदालतबाटै अन्तिम हुनु पर्ने मुद्दामा ती अदालतले गम्भिर कमजोरी गरेको अवस्थामा पनि सर्वोच्च अदालतले कुनै भुमिका निभउनै नसक्ने नहोस, उच्च अदालतबाटै अन्तिम हुने मुद्दामा ती अदालतले गम्भिर त्रुटी गरी न्यायमा प्रतिकुल असर परेको अवस्थामा सर्बोच्च अदालतले हस्तक्षेप गर्न दिनलाई ब्यवस्था भएको पाईन्छ। यो क्षेत्राधिकार जुनसुकै अवस्थामा पनि मुद्दाका पक्षले गुहदैंमा सजिलै आकर्षीत हुने नभई स्वयं सर्वोच्च अदालतले पनि आवस्क ठानेका मुद्दाले मात्र प्रवेष पाओस भनि यस्ता निवेदनमा सर्वोच्च अदालतमै पुर्व सुनुवाई गरी निस्सा भएमा मात्र पुन पुनरावेदन सरह पुर्ण सुनुवाईका लागि क्षेत्राधिकार प्रदान हुने ब्यवस्था छ।

महान्यायाधिवक्ताको कार्यालय, नेपाल

नेपालमा सरकारवादी फौजदारी मुद्दामा अभियोग पुनरावेदन जस्तै दोहरयाई पाउने निवेदन पनि महान्यायधिवक्ता तथा सरकारी वकिलबाटै दायर हुनु पर्ने हुन्छ। दोहर्याई पाउने कारवाही उच्च अदालतको फैसला उपर आकर्षित हुने हुंदा सर्वोच्च अदालतलाई क्षेत्राधिकार रहेको छ। तोकिएको म्याद भित्र उच्च सरकारी वकिल कार्यालयबाट सो मुद्दा महान्यायधिवक्ताको कार्यालयमा प्राप्त हुनु पर्दछ। आ. व. २०७२\७३ सम्म दो. पा. निवेदन गर्ने नगर्ने दुबै निकासा गर्ने अधिकार नायब महान्यायधिवक्तालाई रहेको थियो। उक्त आ. व. मा अधिकार प्रत्यायोजन भएपछी उच्च सरकारी वकिल कार्यालयको सहन्ययधिवक्ताबाट दो. पा. गर्न नपर्ने मुद्दामा दो. पा. नगर्ने निर्णय गरी निकासा नलिई टुंग्याउन सक्ने र दो. पा. गर्न पर्ने मुद्दामा मात्र निवेदन मस्यौदा सहित प्रस्ताव म. न्या. का. मा पठाउनु पर्ने ब्यावस्था छ। म. न्या. का. मा त्यसरी प्रस्ताव प्राप्त भएपछी पुन दो. पा. गर्ने वा नगर्ने भनी निर्णय निकासा गर्ने र गर्ने निर्णय भएका मुद्दामा निवेदन मस्यौदा गरी सर्वोच्च अदालतमा दायर गर्ने ब्यवस्था छ।

नेपाल सरकारवादी फौजदारी मुद्दामा उपरोक्त बमोजिम दोहोर्याई पाउन निवेदन गर्ने नगर्ने सम्बन्धि निर्णय, निकासा, निवेदन दायरी र सफलता असफलताका सम्बन्धमा अध्ययनबाट प्राप्त अवस्थाको तथ्य बिवरण, प्रबृत्ति र समस्याका बारेमा माथि परिच्छेद ३ र ४ मा उल्लेख गरिएको छ। अध्ययनका क्रममा देखिएका समस्या र दो. पा. कारवहीको प्रभावकारिता, सरकारि वकिलको ब्यवसायिकता एवं जनआस्था अभिबृद्धि गर्न ती समस्या सामाधानका लागी उपाएहरु समेत निम्नानुसर प्रस्तुत गरिएको छ। औंल्याईएका सुधार अवलंवन गर्न सकिएमा दोहोर्याई पाउने काम कारवाहीमा प्रभावकारिता आउनुका साथै पुनरावेदन तथा अभियोजनको कारवाहिमा पनि सुधार हुन मद्दत पुग्ने विस्वास गरिएको छ।

**शुझावहरू**

**(क) संरचना सम्बन्धमा सुझाव**

**१. अभिलेख शाखाको स्थापना र कार्य बिस्तारः-** हाल म. न्या. का. मा अभिलेख भनिने एउटा कोठा छ। त्यहाँ रिटका अभिलेख राख्रीएको छ। यो कार्यमा एकजना साहायक कर्मचारी (खरदार हुंदादेखी यो काम गर्दै आएका र हाल उनी ना. सु. रहेको) लामो समयदेखी संलग्न संलग्न रहेको पाईन्छ। रिटका सम्बन्धमा यो कार्य सन्तोषजनक भएपनि यस फांटबाट रिट बाहेक हन्य अभिलेखको काम हुंदैन र सो अनुसार यस फांटको संरचना भएको पनि पाईंदैन। म. न्या. का. बाट सम्पादन हुने अन्य मुद्दाका काम, कानुनी राय र अन्य दैनिक काम कारवाहि जस्ता मुख्य कामको नियमित र त्यस्तै निस्चित प्रकृतिको अभिलेख कुनै अर्को फांट वा शाखाबाट भएको पनि पाईंदैन। यसर्थ यो रिटको अभिलेख फाँटको पुनर्संरचना गरी अभिलेख शाखाको स्थापना गरी निम्नानुसारका कार्य समपादन हुन आवस्यक छ।

अ)अनुसुचि भित्रका मुद्दाको कार्यालयबाट संपादन हुने थुनछेक (७३ नं), पुनरावेदन, साधक, दो.पा. निबेदनका कारवाही र प्रतिरक्षा गरिएका मुद्दाका कारवाहीको अभिलेख राख्ने तथा सो संग सम्बन्धित सबै रजिस्टर प्रमाणको सुरक्षा भण्डारण गर्ने

आ) कानुनीन रायको अभिलेख राख्ने

इ) रिटका सम्बन्धमा हालकै निरन्तरता

ई) म. न्या. का. मा मुद्दा रिट र कानुनी रायका लागी प्राप्त भएका मिसिल काम समाप्ती पशचात यही शाखा मार्फत राखनु पर्ने सबै अभिलेख बिवरण राखे पछि मात्र फिर्ता गर्नु पर्ने

उ) आई. टी. लाई अभिलेखकै अंगका रुपामा यही शाखामा राख्ने र आई. टी. रेकर्डलाई दैनिक कामसंग आबद्द गर्ने

ऊ) आई. टी. का छुट्टा छुट्टै अभिलेख तथा सफ्टवेयरलाई एकिकृत गरी सी. एम. यस. प्रणालिसंग आबद्द गर्ने

ए) मुद्दाका हरेक कारवाहीमा सी. एम. यस. नं को प्रयोगलाई अनिवार्य गर्ने यसले अभिलेख खोज्न र एउटै काम दोहोरो तथा फरक फरक कारवाही हुनबाट रोकी एकीकृत कारवाही हुन तथा पछिल्लो कारवाहीमा अघिल्लो कारवाहीलाई ध्यानमा राखी कार्सम्पादन गर्नलाई सहयोग पुग्छ।

**(ख) अनुगमन, अन्तरकृया, निर्देशन र समन्वय सम्बन्धमाः-**

१. दो. पा. लगायतका समग्र काम कारवाहीका सम्बन्धमा म. न्या. का. बाट मातहतका उच्च सरकारी वकिल कार्यालय लगायतका कार्यालयको अनुगमन हुनु पर्ने । यस अनुगमनका क्रममा दो. पा. गर्नु पर्ने लाई नगर्ने गरिएको वा पुनरावेदन गर्नु पर्नेलाई दो. पा. नगर्ने निर्णय भएको छ की भनी मुख्य रुपमा हेर्नु पर्छ।

२. म. न्या. का. का उच्च अधिकारी र उच्च सरकारी वकिल कार्यालयका सरकारी वकिल बिच निश्चित अवधिमा नियमित अन्तरकृया गरी निर्देशन समन्वय गर्नु पर्ने। सो बाट निम्नानुसारको शाझा धारणा बिकास गर्न तथा समस्या समाधानका उपाय पत्ता लगाई सो को अभ्यास अवलंवन गर्नु पर्छ।

अ) दो. पा. कारवाही गर्ने र पुनरावेदन कारवाही गर्ने सम्बन्धमा देखापरेका अलमल सम्बन्धमा

महान्यायाधिवक्ताको कार्यालय, नेपाल

आ) कारवाहीमा रहेका मुद्दाका फाइल संलग्न हुनुपर्ने र भएका कागज, प्रमाण, अभिलेखको क्रमबद्दता दुरुस्त गर्ने सम्बन्धमा

इ) प्रमाणमा आधारित रही अभियोजन, पुनरावेदन र दो. पा. कारवाही गर्ने निर्णय क्षमताको बिकास गर्ने ।

ई) सबै कार्यालयबाट हुने उपरोक्त काम कारवाही एकरुपताका साथ सम्पादन गर्नका लागी शाझा धारणा बिकास गर्ने

उ) अभियोजन, पुनरावेदन र दो. पा. सम्मका काम कारवाहीमा अधिक्तम सफलता प्राप्त गर्नमा देखिएका समस्या पहिचान गरी समाधानका उपाए अवलंवन गर्ने

ऊ) अनुसन्धानका क्रममा प्रमाणको सुरक्षा तथा प्राप्ती सम्बन्धमा, अभियोजनका क्रममा प्रमाणको ग्राह्यता\ प्रमाणको भार\ प्रमाणको जोखिम मुल्याङ्कन सम्बन्धमा तथा शाक्षि परिक्षण\संरक्षण एवं प्रमाण प्रस्तुतीमा देखिएका समस्या पहिचान गरी समाधानका उपाए पत्ता लगाई अवलंवन गर्न

ए) अभियोजन, पुनरावेदन, दो. पा. सम्बन्धि कारवाही र मुद्दाको परिणामको POST EVALUATION गरी भविष्यमा उपरोक्त काम कारवाहीमा समसामयीक सुधार तथा अवलम्वन गर्नु पर्ने नितिमा आवस्यक्ता अनुसार परिवर्तनका लागी सरोकारवालाहरुलाई सुझव दिन

**(ग) नितिगत तथा कानुनि सुधार सम्बन्धमा**

१. प्रमाणमा आधारित अभियोजनमा जोड दिनुपर्ने। अभियोजन नितिसंग पुनरावेदन र दो.पा. निति tie up (मिलान) हुनुपर्ने

२.पुनरावेदन र दो. पा. निवेदन दुई फरक अवधारणा र क्षेत्राधिकारका भएकाले दो. पा. निवेदन मस्यौदा गरदा सो कुरा ध्यान दिई पुनरावेदन पत्र भन्दा फरक तथ्य बिस्लेषण तथा निर्णयाधार खुलाई तयार गर्न मस्यौदा कार्यमा दक्ष जनशक्ती खटाउने तथा सो कार्यमा खटीने कर्मचारीलाई प्रशिक्षण हुनु पर्ने ।

३. लागू औषध सम्बन्धि कसुरमा सेवन र बिक्री वितरणको कसुर हुंदा अन्य उत्पादन, ओसार पसार, संचय, निकासी, पैठारीको कसुर पनि हुने देखिन्छ।तर अदालती अभ्यासबाट अन्य कसूरलाई महत्व नदिई केवल सेवन र बिक्री वितरण कसूर मात्रै कायम गरी फैसला हुँदै आएको छ। बिक्रि बितरणमा र अन्य कासुरमा बराबरै संजाय हुदा त्रुटी नमानिए पनि सेवनमा संजाय थोरै हुंदा कानूनी त्रुटी हो तर निवेदन गर्दा

सफलता हुँदैन। यसर्थ सेवनको कसुर कायम हुंदा अन्य कसुरको कार्य भएको सो कसुर पनि हुने वा नहुने नीतिगत रुपमा कुनद्वारा समाधानको आवश्यकता छ ।

४. ठगी, बैदेशिक रोजगारी र ....का कसुरमा मिलापत्र हुन सक्ने कसनुनी ब्यवस्था भएपनि त्यस्तै समान प्रकृतिको चेक अनादर भएको बैंङ्कीङ्ग कसुर मुद्दामा मिलापत्र हुन सक्ने नसक्ने अस्पष्टता हुंदा स्पष्ट हुनु पर्ने । मिलापत्र हुने गरी स्पष्ट हुन मनासिव देखीन्छ।

५. साथै सोही चेक अनादर बैंकिङ्ग कसुर तथा ठगी र बैदेशिक रोजगार जस्ता मुद्दामा मिलापत्र हुने र मिलापत्र हुंदा संजाय नहुने अवधारणा कानुनद्वारा स्कार भैसकेको हुंदा त्सता मुद्दामा पिडीतले बिगो क्षतिपुर्ती पाएको अवस्थामा मुद्दा चलाउने, पुनरावेदन गर्ने र दो. पा. गर्न भन्दा नगर्ने नै गर्ने स्पष्टगरी नितिगत ब्यवस्था हुन मनासिव देखीन्छ।

६. गाँजाका कसुरमा परिमाणका आधारमा धेरै तह सजायको व्यवस्था भएकाले बढी व्यवहारिक भएपनि अफिम तथा कोकिन जन्य लागु औषध कसुरमा परिमाणात्मक संजायको तह कम रहेको र मनोद्वीपक पदार्थको कसुरमा परिमाणाको कुनै ब्यवस्था नभएको त्यसैकारण अभियोजन र अदालतका फैसलामा पनि बिविधातापूर्ण अभ्यास हुंदा यी लागु औषधमा पनि गाँजामा जस्तै मात्राका आधारमा संजाय भएमा प्राय सेवन वा कारोवार भन्नेमा subjective आधारमा बिविधतापुर्ण अभियोग र फैसला हुनगई अलमल स्थायी जस्तै हुने समस्याको समाधान हुन्थ्यो। नीतिगत रुपमै निरुपण हुनुपर्ने ।

७. नैतिक पतनको स्पष्ट परिभाषा एवं मापदण्ड कानूनमा नभएको हुँदा मानव बेचबिखन तथा ओसार पसारको कसुरमा नैतिक पतनको कसुर समेतको दावी लिन र दावी भएकामा पनि फैसलासमा कहिले ठहर हुने, कहिले ठहर नहुने र कहिले वास्ता नगर्ने जस्ता अलमल र समस्या छ ।यो कानूनी त्रुटी हो दो.पा. सम्म हुँदा पनि सफलता र व्याख्याबाट मापदण्ड बन्न सकेको छैन । के के कस्तो कस्तो कसुर नैतिक पतन हुने भन्ने स्पष्ट नीतिगत कानूनी सुधारको खाँचो छ।

८. मानव वेच बिखन जस्तो गम्भिर कसुरमा प्रतिवादीलाई जरिवानाको संजाय भएमा मात्र पिडीतले सो जरिवानाको आधा क्षतिपुर्ती पाउने कानुनी ब्यवस्था न्यायोचित देखींदैन।यसैका कारण पनि पुनरावेदन दो. पा. हुने र असफल हुने भएका छन। नितिगत रुपमा कानुनबाटै सुधार हुन आवस्यक छ।

९. प्रतिबादीबाट बिगो\क्षतिपुर्ती भराउनु पर्ने प्रकृतिका मुद्दामा पनि प्रतिवादीको सम्पत्तिको विवरण अनुसन्धानमा संकलन हुन नसकी युस्तो बिवरण अभियोगसाथ पेश गर्न एवं रोक्का राख्न नसकेको अवस्था हुन्छ। प्रतिवादिको सम्पत्ति छ छैन भन्ने बिषय कसुर पुष्टी हुने प्रमाण नभएकाले यो खोजि गर्ने भार वादीको होइन। अदालतको अभ्यासमा यो भार एकलौटी वादिको जस्तो गरी वादिले देखाउन नसकेको भनी प्रतिवादीले उन्मुक्ति पाउने गरेको पाईन्छ।यसैका लागि दो. पा. भए पनि सफलतामा समस्या छ।प्रतिवादीलाइ उसको सम्पति देखाउनमा जिम्मेवार बनाई सम्पति हुंदाहुंदै नदेखाएमा त्यस्तो सम्पति प्रतिवादी, निजको परिवारको साथमा रहेको वा जो सुकैलाई जे जसरी हस्तान्तरण गरेको भएपनि जहिले सुकै बदर र जफत भई सरकारको हुने कानुनि ब्यवस्था आवस्यक छ।

१०.मानव बेच बिखन तथा ओसार पसार ऐनको दफा १५ को उपदफा (२) मा दुई थरी कसुर गर्नेलाई दुबै कसुर छुट्टा छुट्टै हुने ब्यवस्था भई सो दावी भएका मुद्दामा फैशलामा दुबै कार्य भएको मानेतापनि एकमुष्ठ मानव वेचबिखनको कसुर मानी सोही एक मात्र संजाय गर्ने (किनकी यस कसुरमा संजाय बढी छ) हुन्छ, कानुनी त्रुटी हो  तर पुनरावेदन, दो. पा. बाट पनि सफलता पाउन समस्या छ।यो संजाय थप संजायको रुपमा कानुनले ब्यवस्था गरेपनि भाषा फरक हुंदा दोहोरो कसुर (double jeopardy) का रुपमा अनुमान गरिने तर केही नबोल्ने समस्या हुंदा थप संजाय भनी सो कानुनमा सूधार हुनु पर्ने।

११.प्रतिवादीले संगै कसुर गर्ने, सहयोग गर्ने वा लाभलिने भनी पोल गरेको तर निजले त्यस्तो मानिसको पहिचान खुलाई अस्तित्व छ भनि देखाउन नसकेको अवस्थामा सो मानिस पत्ता नलागेसम्म सो दायित्व पक्राउ वा पोल गर्ने प्रतिवादीले नै बेहोर्नु पर्ने, त्यसतो मानिस पत्ता लाग्न नसक्नु वादीको कमजोरी नमानिने र त्यसबाट प्रतिवादीले लाभलिन नपाउने गरी कानुनमा सुधार हुनुपर्छ।

१२.अभियोगपत्र र फिरादपत्रमा दावी गरीएका सबै बिवाद, प्रश्न र कानुनमा फैशला गर्दा निर्णयमा राय नदिने चुपलाग्ने न्यायधिशलाई निरुत्शाहित गर्ने गरी न्यायधिशको सेवा शर्त सम्बन्धी कानुनमा ब्यवस्था हुनु पर्ने।

**(घ) मुद्दाको बिषयका आधारमा दो. पा. गर्ने नगर्ने सम्बन्धी मापदण्ड वा दिग्दर्शन सम्बन्धमाः-**

१) न्यूनतम आधार तोकी आन्तरिक मापदण्ड भएमा मुद्दा दो.पा. गर्न छटनी गर्ने आधार हुनगई निर्णय प्रकृयामा संबद्द सबैको हिचकिचाहटमा कमी हुने र उचित मुद्दामा मात्र छटनी गरी दो. पा. हुने हुंदा सफलता प्राप्तिमा सुधार हुनसक्छ भन्ने कुरा यो अध्ययनका क्रममा ध्यानमा राखिएको थियो।

२) मापदण्डका समबन्धमा उच्च तहका अनुभवी र बरिषठ सरकारि वकिलका बिचमा छलफल हुंदा पानि वहांहरु बिचमा मापदण्ड बनाउन सकिने बारेमा समान धारणा बन्न सकेको पाईएन बरू यो यो अवस्थाको यो यो मुद्दामा दो. पा. गर्ने वा नगर्ने भनि सुची सहित बस्तुगत मापदण्ड निर्धारण गर्न गाह्रो छ भन्ने समान धारणा रहेको पाईयो।

३) उच्च तहका केही सरकारी वकिल सबै मुद्दामा मापदण्ड बनाउन नसकिने भएतापनि केही मुद्दामा आन्तरिक प्रयोजनका लागि दोहोऱ्याई पाउने निवेदन गर्ने नगर्ने मापदण्ड बनाउन सकिन्छ र एकरुपताका लगी बनाउनु पर्छ भन्ने पक्षमा रहेको र अदालतका फैसलाहरूको बिस्लेषण गरी बरामद मात्रा र संबद्द प्रमाणका आधारमा लागु औषध मुद्दामा सेवन वा कारोवार वर्गमा पर्ने तथा चोरी मुद्दामा माल बरामदीको आधारमा बिगो र कसुर कायम हुने नहुने मापदण्ड बनाउन सकिने पक्षमा रहेको पाइयो।

४) त्यस्तै अनुभवी मध्येकै केही सरकारी वकिल लागु औषध जस्ता मुद्दामै पनि मात्रा मात्रै नभई modus operandi पनि हेर्नुपर्ने हुँदा दो.पा. गर्ने नगर्ने बस्तुगत आधार सहितको मापदण्ड र list बनाउन गाह्रो मात्रै नभई उचित पनि हुँदैन बरु सबै मुद्दालाई समेट्ने गरी Subjective Guideline बनाउन सकिएला भन्ने पक्षमा रहेको पाईयो।

५) यस्तै अनुभवी र बरिष्ठ मध्येकै केही कसरकारी वकील यो संगठनको सम्पूर्ण कामका सम्बन्धमा (Holistic) सामान्य मार्गदर्शन गर्ने गरी सरकारी वकिल दिग्दर्शन बनेको छ। त्यो बाहेक मुद्दा र विषय अनुसार छुट्टा छुट्टै बिशिष्ट मार्गदर्शनका लागी छुट्टा छुट्टै दिग्दर्शन हुनुपर्छ ।त्यस अनुरुप दो.पा. गर्ने नगर्ने लगाएतका यस सम्बन्धि सम्पुर्ण कारवाही लाई मार्ग दर्शन गर्ने गरी पनि दिग्दर्शन आवश्यक छ र दिग्दर्शन पालना भए नभएको प्रभावकारी अनुगमन गरी हेरी आवस्क निर्देशन सुझाव हुनु पर्छ भन्ने पक्षमा रहेको पाईयो।

६) बिभिन्न कानुनमा कसुरको परिभषा, पुनरावेदन\दो. पा. का लागी आधार, प्रमाण मुल्याङ्कन\ग्राह्यताका आधार ब्यवस्था भएको हुंदा पुन ती कानुनी ब्यवस्था भिन्न अर्को मापदण्ड बन्न सक्ने अवस्था नहुने; अभियोजनको लागि एउटा पुनरावेदन, दो. पा. का लागि अर्को मापदण्ड बन्न पनि नहुने समेतका कारण बस्तुगत मापदण्ड बनाउनसकिने वा त्यस्तो मापदण्डमा यो यो कुरा समावेश गर्ने सकिने कुनै सुचना तथ्य उपाए पनि यो अध्ययनबाट पाउन सकीएन।

७) छलफल समन्वयबाट काम कारवाहीमा एकरुपताका लागी अनौपचारिक शाझा धारणा बिकास गर्न सकिने र गर्नु पर्ने भएतापनि त्यसतो शाझा धारणालाई औपचारिक मापदण्डका रुपमा लागु गर्न सकिंदैन किनकी यो धारणा आंफै पनि अमुर्त नै रहने हुन्छ।

८) दोहर्याई पाउने कारवाहीसंग सम्बन्धित सम्पुर्ण काम कारवाहीलाई मार्गदर्शन गर्नलाई दिग्दर्शन बनाई सो दिग्दर्शनलाई आधारमानी कामकारवाही गर्न मनासिव नै भएपनि यो कार्यदलको यही अध्ययनबाट त्यस्तो दिग्दर्शन बन्न बनाउन भने संभव भएन।

**(ङ) दोहोर्याई पाउन निवेदन गर्ने नगर्ने सम्बन्धि मार्गदर्शन (Guideline)**

माथि उल्लेख गरीए बमोजिम सुचि सहितको बस्तुगत मापदण्ड उपयुक्त नहुनाको साथै बनाउन पनि कठिन देखीने र यसै अध्ययन प्रतिवेदन मै दिग्दर्शन बनाउन संभव नभएतापनि दोहोर्याई पाउने कारवाहीमा हालको अवस्थामा सुधार र सफलताका लागी दोहोर्याई पाउन निवेदन गर्ने नगर्ने सम्बन्धमा केही मारगदर्शक आधारहरु अवलंवन गर्नै पर्ने र गर्न सकिने अध्ययनबाट देखीएको हुंदा ती मार्गदर्शक आधारहरु (Guideline) लाई निम्नानुसार उल्लेख गरिएको छ।

१. मुद्दा चलाउने बेला सम्म प्रमाणको परिक्षण हुन बांकी नै हुने समेतका कारण मुद्दा चलाउने अवस्था र पुनरावेदन, दो.पा. निवेदन गर्ने अवस्था एकै होइन। यसर्थ मुद्दा चलाउने अवस्थाको मनस्थिति मै दो.पा. नगर्ने
२. जाहेरवाला वा पीडित नै निर्णायक प्रमाण रहेकोमा निजहरु आफैंले अदालतमा आई प्रतिकूल बकपत्र गरेका कारण वा अदालतबाट म्याद जारी हुँदा थाहा पाएर पनि जाहेरवाला वा पीडित अदालतमा उपस्थित भई बकपत्र नगरेको अवस्थामा प्रतिवादीले अदालतबाट सफाई पाए पनि अन्य प्रमाणबाट कसुर स्पष्ट पुष्टी भै रहेको अवस्थामा बाहेक दो.पा. नगर्ने
३. अन्य बलियो प्रमाण नभएमा प्रतिवादीको अनुसन्धानको बयान र सह-अभियुक्तको पोललाई दो.पा. गर्ने आधार नमान्ने
४. तथ्य र निरोपण गर्नु पर्ने प्रश्न समसन रहेको मुद्दामा प्रतिपादन भई अध्यापी कायम रहेको (Overrule) नजिरको पालना नभएको अवस्थामा मात्रै दो.पा. गर्ने/नजिर मिलाएर दो.पा. नगर्ने
५. मुद्दामा विगो धेरै, दावीको कसुरको किसिम गंभिर र बढी सजाय हेरेर मात्र दो.पा नगर्ने
६. फैसलामा सानातीना कुरा नमिल्दैमा, प्रमाण कानुनको स्पष्ट त्रुटी भएको अवस्थामा बाहेक प्रमाण मुल्याङ्कनको सामान्य कमजोरी हुँदैमा दो.पा. नगर्ने
७. Court बाट settle भएका issue मा पिडित पक्षले भनेकाले वा मानविय संवेदना देखाएर दो.पा. नगर्ने

महान्यायाधिवक्ताको कार्यालय,नेपाल

८. पुनरावेदन र दो.पा. बिचमा फरक छ। पुनरावेदन गर्न मिल्ने अवस्थामा पनि दो. पा. का लागी दफा १२ को अवस्था नहुन सक्छ।यसर्थ यो भेद बुझी मात्रै दो.पा. गर्ने\नगर्ने कारवाही गर्ने।

९. निम्न परिस्थितिका मुद्दामा सामान्यत दो. पा. निवेदन नगर्ने

अ. बालबालिकासम्बन्धी ऐन, २०७५ अन्तर्गत अदालतबाट नाबालिगलाई सहुलियतपूर्ण सजाय भएको।

आ. जेष्ठ नागरिक प्रतिवादीको हकमा वृद्धावस्था देखाई अदालतबाट सहुलियतपूर्ण सजाय भएको।

इ. धेरै जना प्रतिवादी रहेका मुद्दाम पहिला केही प्रतिवादिका हकमा फैसला भई केहीका हकमा मुल्तबी वा तामेली रही पछि जागेको मुद्दामा सोही मुद्दामा भएको फैसलाबाट मूल अभियुक्तले सफाई पाएको अवस्थामा पछि सहायक प्रतिवादीहरुलाई सोही कसूरमा सफाई दिइएको ।

ई. कानुनले नै जनही जरिवाना हुने भनी तोकेकोमा बाहेक अन्य मुद्दामा प्रतिवादीहरुको कसूर ठहरपश्चात दामासाहीले जरिवाना भएको ।

उ. ठगी, वैदेशिक रोजगारजस्ता रकम संलग्न मुद्दामा पीडित पक्षले प्रतिवादीबाट बिगो र क्षतिपूर्ति पाइसकेको ।

ऊ. जाहेरवालाको जाहेरी र मौकाका कागजमा मात्र टिकेका मुद्दामा अन्य साक्षीप्रमाणको अभावमा अदालतबाट प्रतिवादीलाई सफाई दिइएको ।

ए. चोरी मुद्दामा कसुर ठहर भई प्रतिवादीबाट धनमाल बरामद भएको हदसम्ममात्र जाहेरवालालाई बिगो भराएको ।

ऐ. सवारीधनी वा घर जग्गा धनीले अपराधकार्यका लागि जानजान आफ्नो सवारी वा जग्गा वा घर प्रतिवादीलाई नदिएको अवस्थामा अदालतले उक्त सवारी वा जग्गा वा घर जफत नगरेको ।

ओ. आत्मरक्षा, पागलपन जस्ता मनसाय तत्वको अभाव रही प्रतिवादीलाई प्रतिरक्षाको सुबिधा प्राप्त हुने अवस्था प्रमाणबाट पुष्टी भई सो प्रतिवादीले कसूरजन्य कार्य गरेको ठहराई अदालतले प्रतिवादीलाई प्रतिरक्षाको सुबिधा दिई सफाई वा सहुलियतपूर्ण सजाय गरेको

औ. प्रतिवादीले पहिलोपटक कसूर गरेको वा असंगठित रुपमा, आफ्नोमात्र संलग्नतामा कसूर गरेको ठहराई अपराधको गम्भिरता घटाउने त्तवको बिधमानता देखाई अदालतले सहुलियतपूर्ण सजाय गरेको

अं. कानुनले सजायको तल्लो र माथिल्लो हद तोकेकोमा पर्याप्त आधार, कारण खुलाई अदालतले तल्लो वा मध्यम हदमा सजाय गरेको ।

अः. फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७क बमोजिम तोकिएको अवस्था बिधमान भएको मुद्दामा शुरु अदालतबाट प्रतिवादीलाई न्यायको रोहमा घटी सजाय गर्न उपयुक्त देखी गरेको रायसहितको फैसलामा उच्च अदालतसमेत सहमत भएको ।

अअ. पीडित पक्षलाई क्षतिपूर्ति भराउनुपर्ने मुद्दामा प्रतिवादीलको सम्पति फेला नपरेको, निजले आफ्नो र आफनो परिवारका नाममा सम्पत्ति छैन भनि दावी गरेको तथा पुष्टी भएको अवस्थामा पिडीत राहात कोषबाट उक्त क्षतिपूर्ति भराउने भनी फैसला भएको ।

आआ. म. न्या. का. बाट समय समयमा दो. पा. नगर्ने भनी निर्देशन भएका प्रकृतीका मुद्दा

महान्यायाधिवक्ताको कार्यालय, नेपाल